
# आवर्तन



## हरि सांस्कृतिक केन्द्र, गोरखा

२०४६


BTC
An ISO 2008 Company
TÜVRheinland
CERT
ISO 9001
Biomedical refrigerators
VESTFROST
SOLUTIONS
Biological Safety Cabinets
BIOQUELL
Biomedical Microscope
OLYMPUS
Thermocycler / PCR Machine
Biometra
Oven / Waterbath
memmert
Laboratory Filtration
Products
FILTER PAPERS
Whatman
AAS / Spectrophotometers
Thermo
iCE 3000 Series AAS
Laboratory Chemicals, Glassware & Plasticware from Merck, Thermo Fisher and Himedia
Digital Weighing Scales from Denver & Ohaus
Veterinary Instruments from Cox UK
Vaccine Referigerators from Dometic
Ultra low Freezers from GFL — Available Ex stock.
BTC Private Limited
Technical - Equipment - Apparatus
Educational - Scientific - Association
BTC Complex, Kan Devtathan, Kupondole, Lalitpur
Mailing Address: G.P.O. box No. 2190, Kathmandu
Tel : 5520187, 5539711, 5551635
Fax : 5536698, 5527090
Email : info@btcnepal.com, btcpl@wlink.com
Website : www.btcnepal.com

# हरि सांस्कृतिक केन्द्र, गोरखा

## २०४६ को आवर्तन मुखपत्र

वर्ष १ २०६९ असार पहिलो पाइलो

संरक्षक:
श्री राजेश्वर देवकोटा
विशिष्ट सल्लाहकार:
प्रा.डा. वासुदेव त्रिपाठी
सल्लाहकारहरू:
श्री मोहननारायण श्रेष्ठ
श्री दिलीप देवकोटा
श्री केदारनाथ खनाल
व्यवस्थापकहरू:
श्री सलिल देवकोटा
श्री पवनरमण खनाल
सम्पादकहरू:
श्री रुद्रनाथ पोखरेल
श्री रमेश थापा मगर
कार्यकारी सम्पादक:
श्री सुनील अर्याल
मुद्रक:
चितवन छापाखाना
भरतपुर-१०, चौवीसकोठी, चितवन
फोन : ०५६-५२०१२८
प्रकाशक:

यसभित्र .....................

राजेश्वर देवकोटा/१
हरि सांस्कृतिक केन्द्र एक चर्चा
मोहननारायण श्रेष्ठ/४
मेरो भनाइ
नारायणप्रसाद खनाल/६
हरि सांस्कृतिक केन्द्रको स्मृतिमा डुब्दा
केदारनाथ खनाल/९
श्रद्धा सुमन : मायादेवी देवकोटामा
हृषीकेश उपाध्याय/१३
'डबली'को अङ्ग्रेजी अनुवादका केही प्रसङ्ग
धनेश्वर भट्टराई/१७
स्मृतिका बाछिटा
रुद्रनाथ पोखरेल/२०
हरि सांस्कृतिक केन्द्र हिजो र आज
नेत्रमणि आचार्य/२३
मेरो दृष्टिमा हरि सांस्कृतिक केन्द्र
तीर्थराज वन्त/२५
हिजोको सम्झनामा
राजुबाबु श्रेष्ठ/२८
हरि सांस्कृतिक प्रकाशन पुरस्कार पाएपछि
सन्तमान नेपाली/३०
मैले कल्पना गरेको गणतान्त्रिक नेपाल
अनिल खनाल/३३
मैले कल्पना गरेको गणतान्त्रिक नेपाल
प्रसन्न निरौला/३६
उठन न उठ नेपाली
आशिक पोखरेल/३८
देशको निम्ति हिंड्दा हिंड्दा

हरि सांस्कृतिक केन्द्र, गोरखा २०४६
शक्तिमार्ग, गोरखा नगरपालिका
सम्पर्क : ९८४१३३४२०२०, ९८५६०४०७२८, ९८४६०८५०३३, ९८४६०८८२२५

# सम्पादकीय

साहित्य समाजको दर्पण हो। कुनै पनि राष्ट्रको विकास र उत्थानमा त्यस देशको साहित्य, संस्कृति, कला, शिक्षा र जीवन दर्शनको महत्वपूर्ण भूमिका हुन्छ। नेपाली समाज युगीन अभिभारा पूरा गर्न तीव्र रफ्तारमा सङ्क्रमणकालको ढोकामा उभिएको छ। तसर्थ आज नेपाली साहित्यले सिङ्गो समाजलाई सवल प्रदान गर्न आँधीहुरीको रुपमा फैलिनु र फस्टिनु आवश्यक छ। आफ्नो साहित्य, संस्कृति, कला र इतिहासको संरक्षण र जगेर्ना गर्नु प्रत्येक सचेत नेपालीको कर्तव्य हो। यसै आवश्यकतालाई आत्मसात् गर्दै नेपाली साहित्यका धरोहर श्री राजेश्वर देवकोटाज्यूले "उत्सर्ग प्रेम" (२०४२) मदन पुरस्कार राशि रु.५८,०००/- को अक्षय कोष सहित आफ्ना पुज्य पिता स्व. श्री हरिभक्त देवकोटाको पुण्य स्मृतिमा "**हरि सांस्कृतिक केन्द्र**" (२०४६) मा स्थापना गर्नु भएको हो। यसको प्रमुख उद्देश्य साहित्यिक क्षेत्रमा योगदान पुऱ्याउनुहुने स्रष्टाहरु सम्मान गर्नु हो। यसर्थ यस केन्द्रको मुखपत्र आवर्तनको प्रकाशनले नेपाली साहित्य, कला, संस्कृति, शिक्षा, दर्शन र जीवनोपयोगी विविध विधाको संरक्षण र सम्वर्द्धनको अठोट गरेको छ। "आवर्तन" मुखपत्रको निरन्तरताको लागि यहाँहरूको आत्मीय तथा भौतिक सहयोगको खाँचो छ।

पहिलो पाईलो हुनाले रचना सङ्कलन, आर्थिक, भौतिक कठिनाइ र प्रकाशनका जटील समस्यालाई चिरेर तपाईहरुका समक्ष आउन सफल भए तापनि रचना चयन, भाषिक साहित्यिक त्रूटिहरु रहेका हुन सक्छन्। यसको यथोचित चिरफार गरेर रचनात्मक सुझावको लागि हामीले विज्ञ लेखक तथा पाठकहरुसाग हार्दिक अपेक्षा गरेका छौं।

आवर्तनलाई यस कलेवरमा यहाँहरु समक्ष प्रस्तुत गर्नु, इन्धनको काम गर्नु हुने श्री राजेश्वर देवकोटा श्री मोहननारायण श्रेष्ठ, श्री सलिल देवकोटा, श्री दिलीप देवकोटा, श्री पवनरमण खनाल, श्री केदारनाथ खनाललाई विशेष धन्यवाद दिंदै सम्पूर्ग शुभेच्छुक लेखक महानुभावहरु, सहयोगी मित्रहरु तथा शुभकामना विज्ञापनदाताहरुमा सहयोग र सद्भावनाका लागि कृतज्ञता प्रकट गर्दै नेपाली साहित्य र संस्कृतिप्रति प्रतिवद्धताका साथ आवर्तनको यो पहिलो अङ्क यहाँहरुप्रति समर्पण गर्दछौ।

हरि सांस्कृतिक केन्द्र परिवार

# हरि साँस्कृतिक केन्द्र एक चर्चा



*राजेश्वर देवकोटा*
*संस्थापक*

हरि सांस्कृतिक केन्द्र एक सामाजिक संस्था हो । हरिभक्त देवकोटा एक कवि, शिक्षक र प्रसिद्ध पुराण कथावाचक हुनुहुन्थ्यो । गोरखा र लमजुङको ठूलो क्षेत्रमा शिक्षा विस्तारमा उहाँको योगदान रहेको छ । उहाँसित पढ्न धादिङ, चितवन र तनहुँबाट पनि विद्यार्थीहरू आउँथे, तिनताका ग्रामीण भेगमा शिक्षा सर्वसुलभ थिएन । तर गुरुको समीपमा पुगेपछि निःशुल्क पढ्न पाइने परम्परा थियो । उहाँकै संस्मरणमा यस केन्द्रको नाम राखिएको र यसको स्थापनामा मेरो परिवारको केही प्रारम्भिक भूमिका रहेको सम्म हो । त्यसपछि यसको संचालन र सम्वर्द्धनको कार्य समाजका प्रबुद्ध एवं संस्कृति र साहित्यप्रेमी विद्वान् जनहरूबाट भइरहेको छ र त्यसै परम्परामा यो हुर्किरहेछ ।

डा. बासुदेव त्रिपाठीको अभिभावकत्व यसमा रहेको छ । मोहन नारायण श्रेष्ठ संस्थापना कालदेखि पूर्ण संलग्न रहनु भएको छ । उहाँका साथमा यस संस्थामा संलग्न रहँदै आउनु भएका महानुभावहरूको सबैको संस्मरण गर्न मैले यहाँ भ्याएको छैन । स्व. जनकलाल शर्माले यसमा प्रेरणादायी भूमिका दिनु भएको छ । स्व. भुवनेश्वर (लक्ष्मीप्रसाद ) देवकोटा र स्व. मायादेवी देवकोटा यस संस्थाका कार्यक्रमहरूमा उत्साह र रुचिसाथ संलग्न रही आउनु भएको हो । यस प्रसङ्गमा उहाँहरू तीनै जना स्मरणीय हुनुहुन्छ ।

यो संस्था बामे सर्दैछ, अहिलेसम्म यसको कार्य पनि गोरखा जिल्लामा सीमित रहेको छ, पुरस्कारहरूले सम्मानितहरू पनि कुनै न कुनैरूपमा गोरखासित सम्बन्धित नै हुनुहुन्छ ।

हरिभक्त देवकोटा गोरखाको लिगलिग पण्डित गाउँमा १९६६ मा जन्मिनु भयो, २०११ मा उपचारकै क्रममा भारतको दरभंगामा परलोक हुनुभयो । उहाँको एउटा कविता मात्र शारदा पत्रिकामा छापिएको भेटियो, अरू पाण्डुलिपि भेट्टिएन तिनताक शारदा मात्र नवस्थापित एउटा साहित्यिक पत्रिका

थियो । अनि एउटा छापा (गोरखापत्र) पनि उहाँ आएको घरमा मगाइ पढ्नु हुन्थ्यो ।

यस प्रसङ्गमा त्यति बेलाको शिक्षा व्यवस्थाको पनि केही चर्चा गर्न चाहन्छु । एउटा शिक्षकले आफूसमीप पढ्न आउने सबैलाई पढाइ दिनु पर्दथ्यो । हरिभक्त देवकोटा कहिले वैतनिक भई पाठशाला चलाउन जाने, कहिले अवैतनिक रही आफ्नै घर पिडीमा पढाइदिने गर्नु हुन्थ्यो । पढ्न आउनेहरू कुनै भरखर अक्षर चिन्दै गरेका र कुनै दर्शन साहित्य, पुराण, व्याकरण पढ्नेहरू हुन्थे । उहाँले कायम गर्नु भएको परिपाटीमा सबैले पढ्न पाउँथे । उपल्लो तहमा पढ्नेलाई आफूले पढाइदिने र तल्लो तहमा पढ्नेलाई उपल्लो तहको विद्यार्थीहरूलाई सहायता दिलाइदिने हुनाले सबै पढिरहेका हुन्थे । यस परिपाटिमा कुनै वेला उहाँ नभएको अवस्थामा पनि पठन पाठन हुन्थ्यो ।

तिनताका कुर्ची, टेवल, मेच, वेन्च आदिको नाम पनि कसैले सुनेको हुन्नथ्यो । गुरु र विद्यार्थी सबै एउटा एउटा चकटीमा वसी पढ्ने पढाउने गरिन्थ्यो । घरमै पातहरू पकाई मसी वनाउने, आफैले बाँसको कलम वनाई घुँडामा कागज राखी लेख्ने गरिन्थ्यो । नेपाली कागजलाई काचो कागज भनिन्थ्यो । त्यो लेक तिरबाट विक्न आउँथ्यो । नेपाल सहर पुगी फर्किनेहरूले आफ्ना आफ्ना वालकलाई छापिएका पुस्तक किनी लगिदिन्थे । गाउँहरूमा पुराना पुस्तकहरू पनि मागि पढ्ने गरिन्थ्यो । पुस्तक वदलिदैन थिए । संस्कृत भाषामा लेखिएका वेद, रुद्री, चण्डी, कोश, व्याकरण जति वेला लेखिए त्येतिवेलादेखि अहिलेसम्म तिनै पढिँदै छन् । शिक्षा अमर हुन आज पनि तिनको महत्व अझै पनि त्यत्तिकै छ ।

त्यति वेला साक्षर हुन पाएका वूढाहरू अझै कतै होलान् तिनले आफैले भोगेका अवस्था अहिलेको पिढीलाई निकै रोचक लाग्ला । एक दुई पिढीमा नै हाम्रो समाजमा ठूलो परिवर्तन आइसकेको छ, हिजैका दिन आजै रोचक इतिहास भइसकेका छन् ।

त्यसवेला पढ्ने अवसर केहीले मात्र पाउँथे । यसरी उम्किएकाहरू मध्येका मेरो किशोर अवस्थाको साक्षरता तीन प्रतिशतभन्दा पनि कम थियो होला ।

त्यस अवस्थाका शिक्षकहरूको तपस्याको हामीले सम्झना गर्नु पर्छ । हरिभक्त देवकोटाका समान धर्म-शिक्षकहरू कुनै कतै भेटिन्थे । हरि सांस्कृतिक केन्द्र ती सबै शिक्षकको सम्मानको एक प्रतीक हो ।

तीन प्रतिशत साक्षर नभएको समयमा साहित्यमा संलग्न कवि मनीषीहरूको हामीले सम्मान गर्नु पर्छ । उनीहरूप्रति उत्तरोत्तर पिढी ऋणी छ । हरिभक्त देवकोटाले

के कति लेख्नु भयो त्यसभन्दा पनि उहाँकै कालमा नेपाली भाषा साहित्यले जुन फड्को मार्‍यो त्यही आजको जग हो । अहिले विद्वान्‌हरू सुधारको खोजीमा लागिरहेका छन् । कदाचित् विवाद पनि बढेको छ तापनि त्यति वेला जुन भाषाको वा हिज्जेको रूपको स्थापना भयो त्यसमा परिवर्तन गर्ने ठाउँ छैन होला । स्थापित मान्यतामा संशोधन खोज्नु सहज विषय होइन तापनि विद्वान्‌हरूलाई आफ्नो विद्या चक्र चम्काउनबाट कसले रोक्न सक्छ ?

हरिभक्त देवकोटाको कर्म क्षेत्रमा हुँदाको अवस्मरणीय कालको समस्या, अध्ययनका लागि हरि सांस्कृतिक केन्द्रले एउटा पुस्तकालय संचालन गर्ने प्रयत्न गरिरहेको छ । यो सबै पहिलो कदम हो । यसको आफ्नै सानो घर क्षेत्र पनि छ । त्यो थोपा थोपाले घडा भर्न खोजिएको पहिलो थोपा हो ।

प्रबुद्ध समाज सेवीहरू र विशेष गरी स्थानीय सहृदयीहरूको समर्पणबाट यसले प्रेरणा पाएको छ, प्रेरित भइरहने छ ।

*महाराजगंज, काठमाडौं*


साहित्यिक क्षेत्रमा विशेष योगदान गर्ने
उद्देश्यले २०४६ सालमा स्थापित
हरि सांस्कृतिक केन्द्रको
मुखपत्र आवर्तन प्रकाशित हुन लागेको अवसरमा केन्द्रको
सफलताको साथै उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।

दिलीप देवकोटा
क्याम्पस प्रमुख
तथा
द्रव्यशाह बहुमुखी क्याम्पस परिवार
लक्ष्मीबजार गोरखा

# मेरो भनाइ



*मोहननारायण श्रेष्ठ*
*अध्यक्ष*

राजेश्वर देवकोटा गोरखाका एक साहित्यिक धरोहर हुनुहुन्छ । उहाँले २०४४ सालमा **मदन पुरस्कार** प्राप्त गर्नु भए पछि हामीलाई धेरै खुसी र गौरवको अनुभूति भयो । तत्कालीन मानविकी क्याम्पसमा हामीले एक सम्मान तथा वधाई कार्यक्रम राख्यो । उहाँले प्राप्त गर्नु भएको **मदन पुरस्कार** र **साझा पुरस्कार** बापतको (रु. ५०,००० र रु. ८,०००) मुद्दती खातामा राखेर त्यसबाट प्राप्त व्याजबाट गोरखाली प्रतिभाहरूको सम्मान र संवर्धनको लागि पुरस्कारको व्यवस्थागर्ने घोषणा गर्नु भयो । उक्त पुरस्कार वितरण गर्ने समितिमा सदस्यको रूपमा रही मैले पनि सहयोग गर्ने इच्छा व्यक्त गरेको थिएँ । पछि उहाँले हरि सांस्कृतिक केन्द्रको विधान र कार्य समिति बनाएर पठाउनु भयो । त्यसमा मलाई अध्यक्षकै जिम्मेवारी दिनु भएछ । त्यसपछि संस्था दर्तादेखि नियमावलीसम्म बनाएर वर्षौं पिच्छे **हरि उत्कृष्ट प्रतिभा पुरस्कार** तथा **हरि प्रतिभा पुरस्कार** वितरण हुँदै आएको छ ।

उपयुक्त प्रकाशित कृति प्राप्त नभएको अवस्थामा पाण्डुलिपिहरूलाई पुरस्कृत गरेर प्रकाशन पनि गर्दै आएको छ । कुनै बखत सो पनि उपलब्ध नभएको वेला शोधवृत्ति पनि वितरण गरेको छ । अहिलेसम्म हरि सांस्कृतिक केन्द्रबाट पाँचवटा कृतिहरूको प्रकाशन भइसकेका छन् ।

गोरखा प्रतिभाहरूको खानी हो । यो भूमि उर्वर पनि छ । कुनै बखत "विद्या हराए काशी जानु न्याय हराए गोरखा जानु" भन्ने उखान चलेको थियो । एक पटक राष्ट्रकवि माधवप्रसाद घिमिरेज्यूले भन्नु भएको थियो – 'प्रतिभा खोज्न गोरखा जानु' हामीहरू गोरखामा प्रतिभाहरू निरन्तर खोजी रहेका छौं । दीप ज्योतिबाट दीपमालिका तयार गर्ने र राष्ट्रलाई चढाउने हाम्रो चाहना हो ।

हरि सांस्कृतिक केन्द्रको स्थापना र विकासमा विशिष्ट विचारक, साहित्यकार राजेश्वर देवकोटा र उहाँको उदार परिवारबाट अविस्मरणीय योगदान रहेको छ । यो संस्था अब सबैको र सार्वजनिक भैसकेको छ । अबका दिनहरूमा पनि उहाँको

परिवारजनबाट सहयोग रहिरहने छ । साथै साहित्य र संस्कृतिप्रेमी सहृदयी जन तथा स्थानीय निकाय तथा सरकारी एवम् गैरसरकारी निकायहरूबाट पनि सहयोगको अपेक्षा गरिएको छ ।

हरि सांस्कृतिक केन्द्रले आफ्नो हालसम्मको गतिविधिलाई जन समक्ष ल्याउन यो जमर्को गरेको छ । यो प्रकाशनको लागि अथक मेहनत गर्ने सम्पूर्ण महानुभावहरूलाई हार्दिक धन्यवाद अर्पण गर्दछु ।

*काठमाडौं*


साहित्यिक क्षेत्रमा विशेष योगदान गर्ने उद्देश्यले २०४६ सालमा स्थापित **हरि सांस्कृतिक केन्द्र**को मुखपत्र आवर्तन प्रकाशित हुन लागेको सु-अवसरमा केन्द्रको सफलताको साथै उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।

अध्यक्ष

सीताराम श्रेष्ठ

**श्री स्वाँरा सघन गाउँ विकास केन्द्र**

गोरखा

साहित्यिक क्षेत्रमा विशेष योगदान गर्ने उद्देश्यका साथ स्थापित **हरि सांस्कृतिक केन्द्र**को मुखपत्र **आवर्तन** मार्फत् यस केन्द्रको सफलताको निम्ति हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

'हाम्रै वडा हाम्रै गाउँ

सबै मिली हरा भरा वनाऔं'

सचिव

नारायण अधिकारी

**घ्याल्चोक गा.वि.स. परिवार**

गोरखा

# हरि सांस्कृतिक केन्द्रको स्मृतिमा डुब्दा



*प्रा. डा. नारायणप्रसाद खनाल*

गोरखामा २०४६ तिर पाइलो टेके पनि त्यहाँको दृश्य हेर्ने अवसर २०३५ को भदौमा वायुयानबाटै आकासिँदै काठमाडौं-भैरहवा जाने सन्दर्भमा प्राप्त भएको थियो । तर २०५० को वैशाख १३ गते दोस्रो पटक पदार्पण गर्दा बेग्लै उत्तरदायित्व पाएको हुँदा यथार्थमा यही नै मेरो वास्तविक गोरखा-यात्रा थियो । गोरखा क्याम्पस मेरो खास कार्य क्षेत्र रहेका अवस्थामा त्यतिबेला पञ्चायत गएकोमा दु:खित हुनेहरू, बहुदल आएकोमा सुखित हुनेहरू र यी दुबैबाट उदासीन रहनेहरूको जमात स्पष्ट देखिन्थ्यो । शैक्षिक क्षेत्र भने आफ्नै किसिमका समस्यामा जकडिएको थियो, त्यो अवस्था आज पनि छ र भोलि पनि नरहला भन्न सकिँदैन । यही शिक्षाकै एउटा ज्योतिका रूपमा साहित्यले पनि चम्कनु पर्दो रहेछ किनकि प्रत्येक जातिको पहिचान शिक्षा, संस्कृति र साहित्यको त्रिवेणीमा नै सुस्पष्ट, महत्त्वपूर्ण र समुज्ज्वल भविष्यमय हुँदो रहेछ ।

गोरखामा रहँदा बस्दा एक दिन मोहन नारायण श्रेष्ठ सरले एउटा कार्यक्रम आयोजना गरेर बोलाउनु भयो साँझपख बिसौनी होटलमा । जिल्लाका सबै माध्यमिक विद्यालयका प्रधानाध्यापकहरूको बैठक रहेछ दिउँसो शिक्षा कार्यालयमा । हरि सांस्कृतिक केन्द्रमा सबै प्र.अ. सदस्य रहने व्यवस्था रहेछ । त्यस बखत प्रसिद्ध कवि विनोद अश्रुमाली प्रमुख अतिथि हुनुहुन्थ्यो । गोरखा क्याम्पसको क्याम्पस प्रमुख पदेन सदस्य रहने व्यवस्था अनुरूप म त्यहाँ आमन्त्रित थिएँ । पहिलो पटक त्यहीं हरि सांस्कृतिक केन्द्रको स्थापना, उद्देश्य र सञ्चालन आदिबारे जानकारी प्राप्त भएको हो । आफूले गोरखा छोडेर फर्केको दस वर्षपछि हरि सांस्कृतिक केन्द्र गोरखाले मैले लेखेको गोरखाको डायरी छाप्ने निर्णय गरेको आदरणीय दाजु केदारनाथ खनालले सुनाउनुभयो र त्यो छापियो पनि । फेरि त्यो एक दिन विमोचित हुने भयो । हरि सांस्कृतिक केन्द्र, गोरखाले साहित्यकार राजेश्वर देवकोटाबाट संस्थापित हुने अवसर पाएको हो भने उहाँको सहधर्मिणी मायादेवी देवकोटाबाट भवन निर्माणार्थ जग्गा पायो र राजेश्वरजीकै भाइ छोराहरूको सहयोग जुटेर एक सुन्दर भवन बन्यो । हो, त्यही भवनको उद्घाटन तथा पुरस्कार वितरण समारोहमा तत्कालीन प्रज्ञा प्रतिष्ठानका

उपकुलपति प्रा. डा. वासुदेव त्रिपाठीको उपस्थिति रह्यो । हामी चितवनबाट केदारनाथ खनाल, धनेश्वर भट्टराई आदि थियौं भने काठमाडौंबाट अरू साहित्यकारहरू आएका थिए । २०६१/८/६ मा सम्पन्न यस कार्यक्रममा राजुबाबु श्रेष्ठ, भीम राना जिज्ञासु, नेत्रमणि शर्मा आचार्यलाई लगनशील भई साहित्यका विविध क्षेत्रमा कलम चालएबापत पुरस्कृत गरिएको थियो ।

कार्यक्रममा विमोचन हुने पुस्तकका बारेमा कुनै विद्वान्ले त्यस पुस्तकको गुण, दोष र उपयोगिता आदि बारे विवेचना गर्ने चलन हुन्छ तर त्यहाँ यति ठूलो भिड थियो, तत्सम्बन्धमा कुनै तयारी रहेनछ । मैले लेखेको 'गोरखाको डायरी' (संस्मरण र समीक्षा संग्रह) र धनेश्वर भट्टराईले लेखेको 'गोरखा गाथा' (खण्डकाव्य) को विमोचन प्रमुख अतिथिबाट भयो तर आ-आफ्ना पुस्तकबारे आ-आफैले विवेचना गर्ने भन्ने उद्घोष भएपछि आ-आफैले पपाँच मिनेटमा विवेचना गऱ्यौं । त्यतिञ्जेलसम्म परपाहुनाहरू आतिइसकेका थिए भने हामीलाई चितौन पुग्ने हतार थियो, प्रमुख अतिथिलाई काठमाडौं पुग्ने हतार । सधैं भरि बन्द, हड्ताल जस्ता क्रियाकलापले गर्दा कतिखेर कुन ठाउँमा बन्द हुने हो भन्ने आशङ्काले मान्छे त्रस्त हुनुपर्ने अवस्था थियो ।

कार्यक्रमको समापनअघि प्रमुख अतिथिले गोरखासँगको सम्बन्ध अत्यन्त हार्दिक रहेको र आफ्नो मावली र ससुराली मात्र होइन आफ्नो माध्यमिक तहको शिक्षा आर्जनको स्थल पनि गोरखा नै रहेको मिठो लामो भाषण गर्नुभयो । सभापतिको आसनबाट अत्यन्त सङ्क्षिप्त रूपमा केन्द्रका अध्यक्ष मोननारायण श्रेष्ठले भवन तयार भएकाले आगामी दिनहरूमा यस्ता साहित्यिक कार्यक्रम गर्न सजिलो हुनुका साथै यस संस्थाले तमाम स्रष्टाहरूको उत्पादन हुने कुरामा विश्वास प्रकट गर्नुभयो ।

हरि संस्कृतिक केन्द्रको कार्यक्रम सकिएपछि त्यहाँ वितरित 'गोरखाको डायरी' र गोरखा गाथा हरेक आमन्त्रितहरूका हातहातमा देख्दा एक त हरि सांस्कृतिक केन्द्र हरेकका हातमा सलबलाए झैं लाग्थ्यो भने दोस्रो आफू स्वयम् तिनीहरूका हातहातमा टाँसिएर उनीहरूकै मन-मस्तिष्कमा निवास गर्न पाउने हर्षले मनको चरो फुरुङ्ग भएको अनुभूव भयो । मलाई त गोरखा शब्द निकै प्रिय लाग्न थालेको कहिलेदेखि हो, त्यो यसै भन्न सक्ने अवस्था नरहेपनि दुई चार दिन अझै बसौं, केही दिन दुईचार ठाउँ अझै घुमौं र गोरखाका बारेमा अझै दुई चार पाना लेखौं लेखौं लागि रहन्थ्यो तर के गर्नु ? कर्तव्यका अनेक हाँगाबिङ्गाहरूले उछार दिँदैनन्, भोलि बिहान ६ बजे नै कक्षा भित्र पस्नु पर्छ । नत्र आफू एक जनाका कारणले सयजना विद्यार्थीहरू अलपत्र पर्छन्, बस् यही आदर्श बोकेर, त्यसैको अनुशरण गरेर अजसम्म बाँचियो, बाँकी अवधि

पनि यसरी नै बिताउन पाए हुन्थ्यो भन्ने हुटहुटी बोकेर नारायणगढतिर जाने साधनमा चढ्यौ तर हरि सांस्कृतिक केन्द्रप्रतिको अगाध माया, ममता र स्नेहको भारी भने छाती भरि बोकेर फर्कनु पर्दा हर्ष र खुसीको बाढी आइरहे जस्तो लाग्थ्यो । शक्ति उ.मा.वि.को तलतिर बिसौनी होटेलको मास्तिर बनेको नयाँ साहित्यको मन्दिर बहुमुखी भवनका रूपमा रहेको दृश्य खिचेर पृष्ठभूमिमा सारा गोरखालाई धारण गर्दै फर्कँदा झन्डै साझको बत्ती बाल्ने बेला हुन लागेको थियो । हामी गोरखा, गोरखनाथ, गोरखकाली र गोरखा बजारलाई साहित्यिक रूपमा चिनाउन समेत कटिबद्ध हरि सांस्कृतिक केन्द्रलाई नमस्कार र बाइ बाइ गर्दै यानहरूमा चढ्यौं, दुई घण्टा नबित्दै नारायणघाट आइएछ । यौटा साहित्यिक तीर्थ यात्राको त्यो अनुभूति सम्झँदा आज पनि ज्यू जुरुक्क उठ्न खोज्छ । यस्तो लाग्छ हरि सांस्कृतिक केन्द्र यसका संस्थापक र सञ्चालकहरूले जुन मोहनी लगाएका छन्, त्यसबाट अलग रहन मुस्किल छ ।

*वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, चितवन*

*चैते दशैंको मध्यतिर २०६८/१२/१५*

*मो. ९८४५१५४३५७*


साहित्यिक क्षेत्रमा विशेष योगदान

पुऱ्याउने उद्देश्यले २०४६ सालमा स्थापित

**हरि सांस्कृतिक केन्द्रको**

मुखपत्र **आवर्तन** प्रकाशित हुन लागेको सु-अवसरमा केन्द्रको

सफलताको साथै उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।

रामहरि के.सी.

अध्यक्ष

**यातायात व्यवसायी समिति**

गोरखा

# श्रद्धा सुमन :
# मायादेवी देवकोटामा



*केदारनाथ खनाल*

सु-प्रसिद्ध साहित्यकार एवम् राजनीतिज्ञ श्री राजेश्वर देवकोटाले उत्कृष्ट औपन्यासिक कृति उत्सर्ग प्रेमका लागि प्राप्त मदन पुरस्कार २०४२ को रकम ५०,०००/- र साझा पुरस्कारको रकम ८,०००/- समेत रु. ५८,०००/- (अन्ठाउन्न हजार) को अक्षय कोष सहित आफ्ना स्व. पिता पं. हरिभक्त देवकोटाको पुण्य स्मृतिमा **हरि सांस्कृतिक केन्द्र २०४६** स्थापना गरेर कीर्तिमानी काम गर्नुभएको छ । 'जननी जन्मभूमिश्च, स्वर्गादपि गरीयसी' लाई आत्मसात् गरेर आफ्नो गौरवमय गृह जिल्ला गोरखामा केन्द्रीय कार्यालय रहने गरी संघ-सस्था ऐन २०३४ अन्तर्गत जि.प्र.का. गोरखामा विधिवत् दर्ता भएको यो संस्था विगत अढाई दशकदेखि गोरखा जिल्लामा घरवास भएका वा यसलाई कार्यक्षेत्र बनाई भाषा साहित्य संस्कृतिको क्षेत्रमा योगदान पुऱ्याएका राष्ट्रिय र स्थानीयस्तरका प्रतिभाको उत्थान र कदर, कृति प्रकाशन एवम् सम्मान र पुरस्कृत गर्ने जस्ता उद्देश्य प्राप्तिमा क्रियाशील रहँदै आएको छ ।

'साहित्य-सङ्गीत-कला-विहीनः साक्षात् पशुः पुच्छविषाण हीनः को उक्तिलाई हृदयङ्गम गर्दै गोरखाको वाङ्मयिक श्रीवृद्धिमा महत्वपूर्ण योगदान दिंदै आएको यस संस्थालाई समय सापेक्ष तुल्याउन पं. देवकोटा वंशज परिवारको भाषा, साहित्य र संस्कृतिप्रतिको अनुराग र समाजको गतिशीलतासँगै पुरस्कारको राशि र सेवा क्षेत्रपनि बढ्दै जानु हामी वाङ्मयसेवीका निम्ति निश्चय नै खुसीको कुरा हो ।

यस केन्द्रले समग्र गोरखा जिल्लाको कला, साहित्य, संस्कृति, गीत, सङ्गीतको खोज अनुसन्धान गरिएका प्रकाशित कृति वा पाण्डुलिपि प्रकाशन र पुरस्कृत गरेर सर्जकलाई प्रोत्साहित गर्नुका साथै जिल्लाव्यापीरूपमा मा.वि., उच्च मा.वि.स्तरका विद्याथीहरू बीच कविता, निबन्ध, वक्तृत्वकलाजस्ता प्रतियोगितात्मक क्रियाकलापहरू गराएर पुरस्कृत गर्ने परिपाटीको शालनीबाट नयाँ प्रतिभाहरूमा साहित्यप्रति अभिरुचि जगाएर वाङ्मयिक विकासमा टेवा पुऱ्याउनु भएको सत्प्रयास प्रशंसनीय छ ।

यसैक्रममा रामनारायण जोशीको मलाई विभाजित नगर (२०४८), समयको माग (२०४९) विष्णुप्रसाद धितालको कविता संग्रह (२०५०), वि.पो. गोरखालीको

कविता संग्रह (२०५१) त पाण्डुलिपि नै पुरस्कृत भए क्यारे । पछि विनोदप्रसाद धितालको भीमकाय उपन्यास 'योजनगन्धा' (२०५२) र तीर्थराज वन्तको आँखामा हिजोको इतिहास कविता संग्रह (२०५३) तथा धनञ्जय यत्नको अतीत यात्रा (२०५४) र दीननाथ शर्मा पण्डितको 'नेपाली साहित्यमा गोरखा' लगायतका पुरस्कार वितरण समारोहमा म पनि सामेल भएको थिएँ । राजुबाबु श्रेष्ठको मनहरू कविता संग्रह (२०६१) र सुशील श्रेष्ठको 'कालखण्ड' उपन्यास, नेत्रमणि आचार्यको दर्जी सुजेरो, प्रा. शिवहरि मरहट्टाको 'मोतीमाला' (२०६३) र रामशरण शर्माद्वारा सम्पादित 'पं. गायत्री गणेश स्मृति ग्रन्थ' पुरस्कृत हुँदा भने भौतिकरूपमा उपस्थित हुन नसके पनि अध्यक्ष श्री मोहन नारायण श्रेष्ठजीबाट सूचना पाएको हुँ । हरि सांस्कृतिक केन्द्रद्वारा प्रकाशित दीननाथ शर्मा पण्डितको 'नेपाली साहित्यमा गोरखा', धनेश्वर भट्टराईको 'गोरखा गाथा' र प्रा.डा. नारायणप्रसाद खनालको 'गोरखाको डायरी' लगायत केही कृतिहरू त आफ्नै प्रेस चितवन छापाखानाबाट मुद्रण गर्ने मौका पनि जुरेकै हो । त्यसो त विगत एक डेढ दशक यता गोरखामा आयोजित नेपाली भाषा शिक्षक समाज, गोरखा साहित्यिक मञ्च, द्रव्य शाह बहुमुखी क्याम्पस या अन्य साहित्यिक र शैक्षिक कार्यक्रममा पनि बेला मौकामा सहभागी हुने अवसर पाउने भाग्यमानीहरू मध्ये म पनि पर्ने गरेको छु ।

ताकलुङ्मा जन्मिए, हुर्कंर आधार स्कुल गोरखाबाट प्रारम्भिक शिक्षा प्राप्त गरी शिक्षण/प्राध्यापनको माध्यमबाट हाल चितवन भरतपुरलाई जीविकोपार्जनको थातथलो बनाउँदै आएको मेरो **यात्राका स्पन्दनहरू** नियात्रा संग्रहका लागि हरि उत्कृष्ट प्रतिभा २०६५ पुरस्कार प्राप्त भएकोमा यस केन्द्रप्रति शतशः आभार प्रकट गर्दछु । आफूलाई गोरखालीको रूपमा चिनाउने अधिकांश काठमाडौं राजधानीवासी स्रष्टाहरूको हारमा मोफसल चितवनमा बस्ने मलाई पनि उभ्याएकोमा हर्षातिरेक हुनु स्वाभाविकै हो । श्री मोहन नारायण श्रेष्ठको अध्यक्षतामा भएको पुरस्कार वितरण एवम् साहित्यिक कार्यक्रमका प्रमुख अतिथि तुलसी दिवस, विशिष्ट अतिथि प्रा.डा.वासुदेव त्रिपाठीका साथै पूर्व सम्मानित प्रतिभाहरू राजुबाबु श्रेष्ठ, सीता अर्याल, नेत्रमणि आचार्य, प्रा.डा. नारायणप्रसाद खनाल र अमृत भादगाउँले, विष्णु प्रभात, गोविन्दर ाज विनोदी आदि दर्जनौं विशिष्ट साहित्यकार र पत्रकारहरूको समुपस्थितिमा ०६८/८/१७ गते निर्माण व्यवसायी संघको हल हरमटारी गोरखामा भएको समारोहमा केन्द्रकी संरक्षिका श्रीमती मायादेवी देवकोटाबाट आफ्ना परिवारजन र इष्टमित्रका सामु पुरस्कृत हुँदा निकै भाव विभोर भएको थिएँ । पुरस्कार वितरण पश्चात् पुनः

हार्दिकतापूर्ण बधाई दिंदै छोरी इन्दिरा सहित मायादेवीजी आफ्नो मौलिक घर लिगलिग जाने कुरा बडो उत्साहका साथ समारोहमा सहभागी प्रभा कैनीजीसँग गर्दै हुनुहुन्थ्यो । सायद पुग्नुभयो होला पनि ।

राजेश्वर देवकोटाजीसँग मेरो बुवा, साहिंला बुवासँग भावात्मक, राजनैतिक वा कस्तो सम्बन्ध थियो ? मलाई थाहा छैन । बेलाबेलामा कुरा गरिरहनु हुन्थ्यो । क्रान्तिताका उहाँ हाम्रो गाउँ ताकलुङ् र ठेउवाको घरमा पनि केही दिन बस्नु भएको कुरा बुवाहरूबाट सुनेको हुँ । सायद त्यही कारण हो कि ? पहिलोचोटि काठमाडौं जाँदा मलाई उहाँको नयाँ सडकस्थित नेपाल एडभरटाइजिङ एजेन्सीको अफिसमा पुऱ्याएर चिनाउनु भएको थियो र मैले अभिभावकको रूपमा स्वीकारेको थिएँ । पछि त्यो अफिसमा यदाकदा जाँदा मैले पावरदार चश्मा लगाउने लक्ष्मणजीलाई मात्र देखें, उहाँसँग भेट भएन । तत्पश्चात् लक्ष्मणजी रेडक्रसमा भएको हेक्का भने छ । राजेश्वरजी शिक्षा सहायक मन्त्री भएपछि क्षेत्रपाटी, ठहिटी चन्द्रोदय औषधालय नजिकैको डेराबाट उहाँले किनेको नयाँ घर महाराजगञ्जमा सामान ओसारपसार गर्न उहाँको कान्छो भाइ जगदीश्वरजीलाई सघाउनेहरूमध्ये म पनि थिएँ । मेरो स्मृतिमा ताजै छ त्यतिबेला लैनचौरभन्दा माथिको सडक पिच थिएन, खाल्टाखुल्टी र कच्ची बाटो भएर जानुपर्ने । महाराजगञ्ज दुर्गम र लाजिम्पाट पानी ट्याङ्कीको ओरालो हामी जस्ता भाडाका थोत्रा साइकल यात्रीलाई निकै खतरा पनि ।

राजेश्वर देवकोटाजी भूमिसुधार मन्त्री हुनु भयो, राष्ट्रिय पंचायतको अध्यक्ष त दुई दुईपल्ट हुनु भयो क्यारे । गोरखालीको नाताले हामीले गौरव बोध गऱ्यौं, बस...... । उहाँ नेपालको राजनैतिक परिदृश्यमा उदाउनु भयो र अहिले त्यो पाटो ओझेलमा परेको छ तापनि 'द्वन्द्वको अवसान', 'उत्सर्ग प्रेम', 'डबली'जस्ता कालजयी उपन्यास, निबन्ध, प्रबन्ध, कथा, कविता, जीवनी, व्याकरण आदि आध्यात्मिक र चिन्तनपरक दर्जनभन्दा बढी कृतिहरूले उहाँको साहित्यिक पाटोलाई उजागर गरिरहेका छन् । उच्च बौद्धिक व्यक्तित्व आलोकित छ । हरि सांस्कृतिक केन्द्रले 'कीतिर्यस्य स जीवति' लाई चरितार्थ तुल्याउन थप सघाएको छ ।

म प्रायः महिनाको एक पटक काठमाडौं घर पुग्छु र गएको बखत टेलिफोन सम्पर्क गर्नेहरूमा मोहन नारायण पहिलो लिस्टमा पर्नुहुन्छ । हरिसांस्कृतिक केन्द्रको २०६६ को पुरस्कार वितरण कार्यक्रमको केही महिनापछि काठमाडौं पुगेर मोहन सरसँग सम्पर्क गर्दा राजेश्वरजी बिरामी हुनुहुन्छ, भेट्न जाऊँ भन्नु भयो । सँगै गएर भलाकुसारी सहित स्वास्थ्यलाभको कामना गरियो । उहाँको जीवन संगिनी साक्षात् मायाकी

देवीजीले गाईको दूध गिलास भरी ल्याएर बडो ममतापूर्वक हामीलाई दिँदै उक्त साहित्यिक कार्यक्रम बारे संक्षिप्त टिप्पणी गर्नुभयो । केही हर्ष र केही विस्मात् पनि व्यक्तियो दुखेसो पोख्नुभयो । 'कुण्डे कुण्डे पानी मुण्डे मुण्डे बुद्धि' भन्दै तत्कालीन परिवेशलाई सहज बनाउने प्रयास गर्दा उहाँको अनुहारमा झल्केको मनोभावको प्रतिबिम्ब मेरो आँखामा अहिले पनि झल्झली छ । निमोनिया बिग्रेको सामान्य रोगको बहानामा ०६७ फागुन १९ गते उहाँको इहलीला समाप्त भएछ । वनस्थली विद्यादेवी दिदीज्यूबाट थाहा पाएँ । अफशोच ! म स्तब्ध भएँ । वात्सल्यमयी संरक्षिका मायादेवी देवकोटाको स्वर्गीय आत्माको चिरशान्तिको निम्ति भावपूर्ण श्रद्धा सुमन अर्पण गर्दै छोरा–बुहारी, छोरी–ज्वाइँ, नाति–नातिनीहरू भएर पनि एक्लो जीवन बिताइरहनु भएका गोरखाका गौरव, विचारक, कान्तदर्शी श्री राजेश्वर देवकोटाज्यूको सु–स्वास्थ्य र दीर्घजीवनको कामना साथ हरिसांस्कृतिक केन्द्रको समुज्ज्वल भविष्यको निम्ति शुभाकाङ्क्षा प्रकट गर्दछु ।

*भरतपुर–१०, चितवन*


**Admission Open**

M.Sc. & B.Sc. Environmental Science

*(Affiliated to T.U.)*

*Bio / Math group available*

**Job- Internship-Scholarship Available at**

**College of Applied Sciences - Nepal**

*Anamnagar- 32, Kathmandu*

**For Details: 4102687, 016211842**

# 'डबली'को अङ्ग्रेजी अनुवादका केही प्रसङ्ग

*हृषीकेश उपाध्याय*

राजेश्वर देवकोटाको २०५९ मा साझा प्रकाशनबाट प्रकाशित नेपाली उपन्यास **'डबली'** २०६८ मा आएर भारतको नयाँ दिल्लीस्थित आदर्श बुक्सबाट अङ्ग्रेज़ी जर्निज एण्ड (Journey's End) शीर्षकमा प्रकाशित भएको छ । हालका वर्षहरूमा नेपाली साहित्यिक उपन्यासहरू बहुप्रचलित अन्तर्राष्ट्रिय भाषा अङ्ग्रेजीमा अनूदित भएर आउने क्रममा यो नवीनतम उपलब्धि भएको छ ।

नेपाली उपन्यास **'डबली'** कथावस्तु, चिन्तन, सामयिक घटनाक्रम, वर्तमान विश्वका प्रमुख चुनौतीहरू, विश्वका शक्ति राष्ट्रहरूले खेल्नु पर्ने तर उनीहरूले खेल्न नचाहेका विषयहरू लगायतका सन्दर्भले एउटा उत्कृष्ट वैचारिक कृति रहेको छ । यो उपन्यासले ईसवीय गणना अनुसार मानव सभ्यताको तेस्रो सहस्राब्दी सुरु हुन लाग्दा (अर्थात् सन् २000 पछिको समयमा) अपरिहार्य किसिमले मानव जातिले सामना गर्नु पर्ने सांस्कृतिक, राजनीतिक, आर्थिक तथा सामरिक प्रश्नहरू बारे बिशद विचार विमर्श प्रस्तुत गरेको छ ।

उपन्यासको कथाक्रम 'डबली' नाम दिइएको कुनै भूमि वा भनौं देशमा र अरब–अफ्रिकाली क्षेत्रमा फैलिएको छ । उपन्यासले **'डबली'** र यस क्षेत्रको समीपका बस्तीहरूको वर्णन गर्दा नेपाल वा नेपाली भूमिको नाम लिएको छैन, तर पाठकहरूले यसलाई नेपालकै कुनै उपत्यका, बृहत नगर वा बस्ती क्षेत्र भनेर बुझ्े भने धेरै फरक पर्ने छैन । त्यसमाथि राजेश्वर देवकोटा नेपाली साहित्यको सुपरिचित स्रष्टा भएकाले उहाँका रचनाले नेपालको अनुभव र नेपाली दृष्टिलाई स्वदेशी र अन्तर्राष्ट्रिय पाठकहरू समक्ष पुऱ्याउने उद्देश्य लिएको छ भन्नु स्वाभाविक नै हुने छ । मानवजातिका सामु उत्पन्न समसामयिक र चिरन्तन प्रश्नहरूमा देवकोटाले चिन्तन गरेका नेपाली धारणालाई अन्तर्राष्ट्रिय पाठकहरू समक्ष प्रस्तुत गर्न **'डबली'**को अङ्ग्रेजी अनुवाद उपयोगी हुने विश्वास गर्न सकिन्छ ।

अनुवादको रुपमा प्रस्तुत गर्दा देवकोटाले छान्नु भएको शीर्षकले राम्रै चुनौती उत्पन्न गरायो । नेपाली परिवेशमा 'डबली' भनेको एउटा खुला सार्वजनिक स्थल हो

जहाँ अनेकौं मानिसहरू जम्मा हुन्छन्, सभा सम्मेलनहरू गर्दछन्, भाषण, प्रवचन, छलफल, नाचगान, नाटक मञ्चन लगायतका सामाजिक कार्यक्रमहरू सञ्चालित हुनछन् । 'डबली'मा एकैसाथ धेरै मानिस जम्मा हुन सक्छन्, यो एउटा स्थायी सार्वजनिक स्थल पनि हुन्छ जहाँ पसल, विश्राम स्थल, सार्वजनिक सेवा केन्द्र, विद्यालय, वाचनालय र आश्रम स्थल पनि रहन्छ र यो यस्तो ठाउँ हुन्छ जहाँ धेरै तिरबाट मानिसहरू आवत जावत गर्न सक्छन् ।

'डबली'को अर्को आकर्षण भनेको विचारको खुला आदान प्रदान पनि हो जुन भाषण, प्रवचन, वादविवादसँगै नाचगान, नाटक मञ्चन जस्ता मनोरञ्जनका कार्यक्रमबाट प्रप्त गरिन्छ । 'डबली' कुनै साधारण बजार, मेला वा जात्रा लाग्ने थलो भन्दा विशेषरुपले सांस्कृतिक महत्त्व राख्ने थलो हो । काठमाडौं उपत्यकाको तीनवटै सहरहरुमा **'डबली'**को प्रचलन रहेको छ । देवकोटाको उपन्यास यस्तै एउटा काल्पनिक डबलीमा केन्द्रित बन्न गएको छ, जहाँ अनेकौं ठाउँबाट विदेश र बहुराष्ट्रिय संस्थाहरूबाट समेत विभिन्न थरि मानिसहरू लामै समय बसोबास गर्ने गरी आउँदछन् । जहाँबाट मानिसहरू देश देशावरमा सांस्कृतिक भ्रमण गर्न, पेशा, व्यवसाय गर्न र घर परिवार बसाल्न समेत जाने आउने गर्दछन् । यो उपन्यास शीर्षकको सीधा शाब्दिक अनुवाद गर्दा खुला सार्वजनिक स्थल भनेर बुझाउन 'डबली' शब्दका लागि अङ्ग्रेजीमा पब्लिक स्क्वायर वा क्रसरोड भन्न सकिन्थ्यो । तर यसले उपन्यासको व्यापक सामाजिक, सांस्कृतिक सन्दर्भलाई समेट्न सक्दैनथ्यो । उपन्यासले अंगालेका व्यापक विषयवस्तुको राम्ररी प्रतिनिधित्व हुन सकोस् भनेर नै अङ्ग्रेजी शीर्षक जर्निज एण्ड (Journey's End) छानिएको छ । उपन्यासका प्रमुख पात्रहरू पवन र उर्वी लगायत अन्य पात्रहरू तेस्रो सहस्राब्दीको प्रारम्भका क्षणमा मानव जातिले नयाँ जीवनयात्रा सुरु गर्नु पर्ने नयाँ भावका साथ अघि बढ्नु पर्ने निश्चयमा रहेका हुन्छन् । जर्निज एण्डको अर्थ यात्राको समाप्ति नभई यात्राको उद्देश्य वा लक्ष्य हुन आउँछ । मानव जातिले आफ्नो जीवन यात्राको लक्ष्य बुझ्नु आवश्यक छ, अनि यात्राको लक्ष्य हासिल गर्ने प्रयास पछ्याउन सकिन्छ ।

तेस्रो सहस्राब्दीका क्रममा मानवजातिले अवश्यंभावीरुपमा सामना गर्नै पर्ने समस्याहरू के के हुन सक्छन् त ? सांस्कृतिक, धार्मिक अर्थमा आज पनि मानव जाति विभिन्न धर्म–सम्प्रदायमा विभाजित छ । आज विश्वभर धर्मप्रचारमा सक्रियतासाथ लागि पर्दै परम्परागत धार्मिक मान्यतामा लागि रहेकाहरूलाई आफ्नो पक्षमा धर्म परिवर्तन गराउन इसाई र मुस्लिमहरू निकै सक्रिय छन्, उनीहरूको धर्म परिवर्तनले

मानव चेतना उकास्नका लागि नभई केवल कर्मकाण्डी संस्कार पछ्याइ भीड जम्मा गर्ने प्रयास गर्दछ । इसाई धर्मप्रचारकहरू जिसस क्राइस्टले इसाई धर्मबारे के कस्ता विचारहरू प्रतिपादन गरे त्यो हैन कि चर्चका पादरीहरूले गरेको निर्णय अनुसार इसाई धर्म के हो र यसको व्यवहार कस्तो हुन्छ ? त्यसको प्रचारप्रसार गरिरहेका छन् । त्यस्तै गरी मुसलमानहरूमा पनि पैगम्बर मोहमदको सन्देश नभई मुल्ला-मौलवीहरूको सीमित साँघुरो व्याख्यालाई इस्लाम भनेर व्याख्या गरिँदै छ । बौद्धवादीहरू त अझ निस्प्रियरुपले आ-आफ्ना जप-तपमै लिप्त छन् । परम्परागत सनातनी हिन्दु धर्म पनि यति विधि असंगठित भइसकेको छ कि यसभित्र सामुहिक प्रयासको सहयात्राको सम्भावना बाँकी रहेको छैन । यसकारण सांस्कृतिक रुपको नयाँ मार्ग चयन गर्ने समय आएको छ र त्यो मार्ग सौन्दर्यको उपासना र स्वतन्त्रता ।

योगी पवन र सौन्दर्यशास्त्रको व्याख्यता उर्वी 'डबली' क्षेत्रमा नयाँ चिन्तन र प्रयोग उतार्न दत्तचित्त रहेका छन् । उनीहरू कहिले क्रान्तिकारी कम्युनिष्ट हौं भनेर आउनेहरूसँग त कहिले, इसाई, मुसलमान र धर्मावलम्वीहरूसँग छलफल अतरक्रिया गरिरहन्छन् । आफूलाई क्रान्तिकारी भन्ने कम्युनिष्टहरू आफ्ना मान्यताहरूलाई खुला राजनीतिक प्रयासबाट होस् वा बलजफ्तीरुपमा समाजमा थोपर्न चाहन्छन् । अन्तर्राष्ट्रिय धार्मिक समुहहरू आ-आफ्नो सम्प्रदाय विस्तारका लागि अनेकौं उपायहरू, जसमा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाको सञ्जाल पनि पर्दछ, प्रयोग गर्दै शान्त र हार्दिकतापूर्ण 'डबली'मा अशान्ति, दुर्भाव र वैमनस्यता उत्पन्न गराउन थाल्दछन् । यहाँ सम्मकि पवनका अनुयायीहरू पवनपथको संरक्षणाका नाउँमा स्वयं आफ्नै गुरुलाई नियन्त्रणमा राख्न उद्यत हुन्छन् । 'डबली'को संसार यिनै परस्पर विरोधी समुहहरू बीच वैचारिक संघर्ष हुन्छ, छलफल, वादविवाद चलिरहन्छ । योगी पवन विचार र दर्शनको खुला मनले विश्वास गर्दछन् र उनले उर्वीको सक्रियतामा बुद्ध, जिसस, मोहमद र मार्क्सबारे प्रवचन दिन्छन् । अन्तर्राष्ट्रिय गैरसरकारी संस्था विकास विज्ञ, आतङ्कवाद प्रतिरोधी सञ्जालका कार्यकर्ता, धर्म प्रचारक टोलीहरू, प्रतिनिधिहरू र आम सचेत नागरिकहरूबीच 'डबली'को संसारमा प्रसस्त छलफल र वैचारिक मन्थन हुन्छ । नेपाल जस्ता अनेकौं विकासोन्मुख मुलुकहरूको अवस्था यही हो ।

तेस्रो सहस्राब्दीको प्रारम्भसँगै विश्वभरी आतङ्कवादको सन्त्रास एकाएक हवात्तै बढ्न गयो । एसिया, अफ्रिका, यूरोपका अनेकौं सहर र वस्तीहरूमा आतङ्कवादी

विध्वंसले वर्षौंदेखि हिंसा र मानव जीवनको विनाश मच्चाई आएकोमा सन् २००१ को सेप्टेम्वर ११ तारिखमा संयुक्त राज्य अमेरिकाको आर्थिक राजनीतिक केन्द्रमा उत्पातपूर्ण विध्वंसको आतङ्की हमला भयो । घातक हातहतियार उत्पादन गर्ने, यसको निर्बाध निर्यातबाट नाफा कमाउने, संसार भरी शस्त्रास्त्रको होड फैलाउने, संसारको विभिन्न भागमा आफ्नो प्रभाव क्षेत्र बसाउने र स-साना राष्ट्रहरूमा अशान्ति, अस्थिरता र असहयोगमा बल पुऱ्याउनेजस्ता शक्तिराष्ट्रहरूको नीति र व्यवहारले आतङ्कलाई बल पुऱ्याएको निष्कर्ष 'डबली'मा देखिन्छ । वर्तमान विश्व परिस्थिति बारे यस्तो निचोडलाई औपन्यासिक सन्दर्भमा प्रस्तुत गरिएको यो कृति व्यापक अन्तर्राष्ट्रिय पाठकहरू समक्ष अङ्ग्रेजी अनुवादको माध्यमबाट पुऱ्याउन सहयोग पुग्ने अपेक्षा गर्न सकिन्छ ।

⊡


साहित्यिक क्षेत्रमा विशेष योगदान गर्ने उद्देश्यले २०४६ सालमा स्थापित

**हरि सांस्कृतिक केन्द्रको**

मुखपत्र प्रकाशित हुन लागेको सु-अवसरमा केन्द्रको सफलताको साथै उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।

सित्तलकाजी मास्के

प्रोप्राइटर

**कलश आयल स्टोर्स**

गोरखा न.पा.-३, हरमटारी, गोरखा

साहित्यिक र साँस्कृति क्षेत्रमा क्षेत्रमा विशेष योगदान पुऱ्याउने उद्देश्यले स्थापित

**हरि सांस्कृतिक केन्द्रको**

मुखपत्र प्रकाशित हुन लागेको सु-अवसरमा केन्द्रको सफलताको साथै उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।

ईश्वर काजी मास्के

प्रोप्राइटर

**सोनु हार्डवेयर सप्लायर्स**

गोरखा

# स्मृतिका बाछिटा



*धनेश्वर भट्टराई*

दुई हजार सच्चालिस सालतिरको गोरखाको सदरमुकाम-पोखरीथोक । सानो परिवेशभित्रै फराकिलो बन्ने तरखरमा जतातत्तै घर-बाटो निर्माणको क्रम तीव्र । बसपार्कको शमीको चौतारो । उद्दण्डबहादुर दुस्मनको जतातत्तैको खबर पाउन सकिने सानो पत्रिका पसल । तलतिर भर्खरै बनेका जस्ता लाग्ने बाटोको दुबैतिरका अग्ला घरहरू र अलितल बद्री मास्केको क्लिनिक । गोरखाको विकासका लागि थालिएको गुरु योजना रोकिएपछिका अधकल्चा कामहरू र भग्नावशेष । पृथ्वीनारायणको जन्मथलो । 'केही वर्ष पञ्चायत रहेको भए गोरखा बन्थ्यो, व्यवस्थै गयो के गर्नु'- निराश स्वरहरू ।

नयाँ बजार, साँच्चै नयाँ थियो । गोरखानाथको गुठीबाट भर्खरै रैकरमा आएर घरहरू बन्दै गरेको । भातेकोसीबाट सुरुभएर छिपिटोल, छाउनी धारापानी र थापा चौतारोतिर उकालो लाग्नेहरू धेरै हुन्थे । नयाँ बजारका धेरै तुरतुरे धारामा पानी भर्ने लाइनमा उभिन्थे । कोही घोरे ढुङ्गाको चौतारोमा सुस्ताएर बतासे, खिरेपानी, डन्डीडाँडा हुँदै हिलेपोखरीको बाटो मान्द्रे ढुङ्गा र छेपेटारतिर झर्थे । नयाँ बजार र रामबाबु सर एक अर्काका पर्यायजस्तै थिए-त्यो बेला । दिलबहादुर दाइको 'थकाली होटल' हामीजस्ता आगन्तुकहरूका लागि मायालु वातावरणमा भात खान पाइने एकमात्र होटल थियो । आँगन जत्रो बसपार्कका डिलतिर केही छाप्रे होटल थिए । प्रजातान्त्रिक शुभ बिहानीमा गोरखाले आफ्नो अनुहार फेर्ने चाहना राखेको छ भन्ने लाग्थ्यो त्यसबेला ।

पुरानो र सक्कली गोरखा बजार त रानीपोखरी छेउदेखि ठूलो आँगन तलमाथिका छहरे, तीनधारे र पाटेचौरसम्म फैलिएर बसेको थियो पहिल्यैदेखि । चौबीसकोठी साहूका पुराना घरहरू आज पनि उस्तै छन् त्यहाँ । तीनधारे छेउदेखि गोरखकाली मन्दिर र दरवारको टुप्पोसम्म पुग्ने सिँढी त्यहीदेखि सुरु हुन्थ्यो । (पहिला त झन् सिँढी पनि थिएन-पुरानै बाटो थियो) तलको बसपार्कबाट चकन चौतारो हुँदै तीनधारे मुनि निस्कने छोटो बाटो पनि थियो । तर तल्लो दरबार

परिसरलाई सङ्ग्रहालय र पृथ्वीपार्क बनाउने क्रममा बाटो बन्द भएपछि घुमेरै जानु पर्‍यो ।

बि.सं. २०४८ चैत्र २४ गते जनआन्दोलन दिवसको दिन, गोरखा क्याम्पसका विद्यार्थी सहितको जुलुस नयाँ बजारबाट बसपार्कतिर लागेको छ दिनको मध्यतिर । काँग्रेसको बहुमतको एकमना सरकारको विरुद्धमा पनि नारा लागेका छन् । चर्को नारा र तीखो भाषण गरेर जनता लठ्याउने र तिनलाई बिल्लीबाँठ पारेर भुँडी चर्काउने परम्परा अनुसार नै जोसिलो पारामा जुलुस अघि बढेको छ । बसपार्कको सत्ताविरुद्धको नारा सुन्नु पर्दा रिस उठ्छ । योजना अनुसारै रहेछ जस्तो प्रत्येकका हातका चिर्पट, लाठी, ढुङ्गा र इँटाले जुलुस रन्थनिन्छ- घाइते, रक्ताम्य, हाहाकार र चिच्याहटसँगै दौडादौड र भागाभागको स्थितिमा ज्यान जोगाउनै मुस्किल पर्छ । घाइतेहरू नयाँबजारतिर खेदिन्छन् र खाँदिन्छन् । अस्पताल लान पनि बाटो छेकिन्छ, आज सम्झँदा पनि मन तिर्स्याइलो हुन्छ ।

२०५१ जेठ सुरुका दिन द्रव्यशाह क्याम्पस पाटेचौरमा कक्षा लिनु पर्ने । अघिल्लो साँझको ठूलो हावा-हुरी पानी परेकोले केही चिसो बिहान । केही गाइँगुइँ र अस्पस्टतासँगै स्पष्ट बन्दै अकल्पनी, दुःखद् र त्रासद खबरले सिङ्गो दश नै स्तब्ध बनेको । पुग्न पर्‍यो अनि केही नयाँ कुरा (बाँचेकै) पाइन्छ कि म नि बसपार्कतिर निस्कँदै गर्दा खुसी र उमङ्गले हौसिएको युवा जमातसँगको भेट । कम्निष्टे नेता मरेको खुसियालीमा उनीहरूको भोज खाने योजना र गए मलाई पनि सित्तैमा सामेल गराउने चर्को नेताको आवाज र मदन-आश्रितको जीप दुर्घटना र मृत्युको त्रासदी । मेरो मस्तिष्क झन्झनाएको, मुटु ढक्क फुलेजस्तो र मन गह्रौं भएकोले नबोली हिडिरहें ।

द्रव्यशाह क्याम्पसमा, प्राध्यापनकै सिलसिलामा ०४७ मा गोरखा पुगें । यसअघि तीनपटक आइसकेको । क्या. प्र. मोहननारायण सर, दिलीप दाइ लगायत निकै मित्रहरूसँगको सामीप्यले राम्रै लागेको थियो । मैले उहाँहरूलाई देखें-जानें तर चिनिन । कतिपयले मोहन सरको व्यक्तित्वको उच्च मूल्याङ्कन गरेको पनि पाएँ । उहाँको अध्ययन, अनुभव र गोरखाप्रतिको उहाँको लगावबाट विशिष्ट पाएँ । मनमनै आदर गर्थें बस त्यति थियो सम्बन्ध । यस्तैमा जागिर छाडें त्यहाँको र अर्को वर्ष गोरखा क्याम्पस गएँ । वातावरण र जागिर फेरिए पनि त्यहाँ पनि कक्षा लिने हुनाले सम्बन्ध राम्रै थियो । गोरखामा रहेर गर्नुपर्ने कामहरूको लामो फेहरिस्त नै थियो मोहन सरसँग । पढ्ने-पढाउने बाहेक अन्य बौद्धिक, सिर्जना-रचनात्मक विकासका कुरा हुन्थे । रमाइलो वातावरण सिर्जना गरी हाँसोकै बीचमा गम्भीर कुराहरूको पोको

फ्याँकिदिने मोहन सर-मलाई अनौठो भइकन पनि सरल र सहयोगी स्वभावको मान्छे लाग्थ्यो ।

घर-छहरे, अवकाश प्राप्त-हेडसर, गोरखामा विदेशी आए-अङ्ग्रेजीमा कुरा गर्न सक्ने एउटै मान्छे-त्यो बेलाको, क्याम्पस प्रमुख र त्यो पद पनि छाडिसकेको तैपनि कति सरल र सहज- मैले त्यस्तै भोगें उहाँलाई । उहाँसँग बसउठ, आवतजावत धेरै भइसकेको थियो । उहाँको घर पुगेर दुबै घुम्न पनि निस्कन्थ्यौं । ज्ञान, बौद्धिक उच्चता र अनुभवले पोको बनेको उच्च व्यक्तित्वलाई त्यो बेलाको गोरखाले फोहोर मैला पुछ्ने टालो बनाएको जस्तो लाग्थ्यो मलाई । किनभने त्यहाँको चर्को र आग्रही चिन्तनमा कहीं पनि चुर्लुम्म भएर डुबेको पाइन । हाम्रो नभएपछि राम्रो भएर पो के काम नेपाली सन्दर्भमा ?


हरि सांस्कृतिक केन्द्रको अध्यक्ष, लेखन-प्रकाशन र साहित्यिक बहस । उहाँसँग भेटभएपछि आफ्नो दिनचर्या भन्न करै हुन्थ्यो । लेख्दै गरेको कुरा रुद्र पोखरेल मार्फत् हेरेपछि मलाई एकदिन हप्काउनु भयो, आत्मीयतासँग । किन नभ्याएको पुस्तकालय चाहिए म देखाइदिन्छु तर तैंले त्यो गर्नै पर्छ । घुम्न निस्केका थियौं । पाटेचौरको पुरानो घरको (मन्दिर) खुला छतमा पुऱ्याएर अब पढ्नु भन्नु भयो । मैले भने खै पुस्तकालय ? उहाँ हाँस्नुभयो र फेरि देखाउँदै भन्नुभयो- 'सबैभन्दा ठूलो पुस्तकालय गोरखा र यहाँको ऐतिहासिकता तथा प्रकृति र संस्कृति हो ।' हेरें चारैतिर सुरम्य गोरखाको टाकुरामा रहेको दरबार-जुन मेरो खण्डकाव्य 'गोर्खागाथा' को प्रेरक पुञ्ज थियो ।

२०६८/१/१७

*भरतपुर, चितवन*



# हरि सांस्कृतिक केन्द्र हिजो र आज



*रुद्रनाथ पोखरेल*

साहित्य, कला र संगीत शून्यमा उदाउँदैनन् । यसको लागि समयसापेक्ष, देश, काल र परिस्थितिको जरुरत पर्दछ । वि.सं. २०४० को दशकमा देशभित्र भएका विभिन्न सामाजिक र राजनैतिक उथलपुथलसँगै साहित्य अनुरागीहरूलाई कर्मक्षेत्र बनाइदिने र साहित्य सिर्जनाका लागि सल्बलाएका हातहरूमा आत्मबल भरिदिने उद्देश्यले वि.सं. २०४६ मा स्थापना भएको साहित्यिक संस्था हो, **हरि सांस्कृतिक केन्द्र** । यो संस्थाले साहित्यका सर्जकलाई सम्मान गर्छ, सिर्जना भएका साहित्यको प्रकाशन गर्छ र सिर्जना-मुख प्रतिभाहरूको खोजी गर्दै हिंड्छ र उसको व्यक्तित्व तथा लेखन उन्मादमा नयाँ प्राण भर्छ । यस्ता कार्यहरूमा सर्जकहरूको सहयात्री बन्दै हातेमालो गर्ने अनि खोजमूलक कार्यमा अगाडि बढिरहेको प्रतिभाहरूको कदर गर्ने कार्यमा यो संस्था स्थापना कालदेखि हालसम्म चुकेको छैन ।

प्रसिद्ध साहित्यकार, राजनीतिज्ञ र दर्शनशास्त्री तथा मदन पुरस्कार विजेता राजेश्वर देवकोटाले आफ्ना स्वर्गीय पिता हरिभक्त देवकोटाको स्मृतिमा वि.सं. २०४२ सालमा आफ्नो प्रसिद्ध औपन्यासिक कृति 'उत्सर्ग प्रेम' का लागि प्राप्त मदन पुरस्कारको रकमले स्थापना गर्नु भएको संस्था हो, हरि सांस्कृतिक केन्द्र । यो केन्द्रको स्थापनासँगै ''हरि उत्कृष्ट प्रतिभा पुरस्कार' पनि सुरुवात भएको थियो । प्राचीन गणराज्यकाल वा अभिलेखकालदेखि नै साहित्यको राजधानी बन्दै आएको साहित्यिक धाम पनि हो, गोरखा । अझै तत्कालीन नयाँ नेपालको निर्माणमा योगदान पुऱ्याउने स्व. पृथ्वीनारायण शाहको राज्यकाल र त्यसको आसपासमा साहित्य लेखनमा ख्याति प्राप्त गरेका शक्तिवल्लभ अर्याल, रघुनाथ पोखरेल, उदयानन्द अर्याल, राधावल्लभ अर्याल हुँदै माध्यमिक कालमा प्रशस्त कवि र लेखक जन्माउने यो जिल्लाले यस्तो एउटा नितान्त साहित्य र सँस्कृतिप्रेमी संस्था प्राप्त गर्नु हाम्रो लागि खुसीको कुरा हो । यस संस्थाका स्थापनाकर्ता र 'हरि उत्कृष्ट प्रतिभा पुरस्कार' का संस्थापक आफू राजधानी निवासी हुँदाहुँदै पनि (पैतृक थलो आँपपिपल गा.वि.स. लिगलिग बोहोरागाउँ) साहित्यकलाप्रति उहाँको वजनदार सम्मान तथा सद्भाव पनि हो, यो पुरस्कार । विशेषगरी गोरखामा

बसोबास गरेर यहींको माटोसँग मिसिएको साहित्य सिर्जना गर्ने वा अन्यत्र रहेर पनि गोरखाली कला, साहित्य, सँस्कृति तथा जनजीवनको खोज तथा अनुसन्धान गर्ने सर्जक र त्यस्ता पुस्तकहरूले छानिने मौका पाउँछन्, यो पुरस्कारका लागि । त्यसैले हामी गोरखाली साहित्यकर्मी र सिङ्गै देशका साहित्य अनुरागीहरूका लागि प्रेरणाको स्रोत बनेको छ, यो संस्था । यिनै कारणले यो संस्थाको महत्व र यहाँबाट पुरस्कृत प्रतिभाहरूको महानता दिनानुदिन चुलिदैं गइरहेको यथार्थ हाम्रो सामु लुकेको छैन । आधिकारिक स्थापनाकालको लगभग दुई वर्षपछि प्रतिभाको खोजी गर्दै आफ्नो गच्छेले भ्याएसम्म पुरस्कृत गर्दै र पाण्डुलिपिसमेत छापिदिएर प्रतिभालाई सम्मान गर्ने कार्यमा यस संस्थाले हालसम्म निरन्तरता प्रदान गर्दै आएको छ । यसको फेहरिस्त यसरी प्रस्तुत गर्न सकिन्छ :

- वि.सं. २०४८ मा रामनारायण जोशीको 'मलाई विभाजित नगर' कविता संग्रहको पाण्डुलिपिलाई पुरस्कृत गरी आफैंले प्रकाशन गरेको ।
- वि.सं. २०४९ मा 'समयको लागि' कविता संग्रहको पाण्डुलिपिलाई पुरस्कृत गरी आफैंले प्रकाशन गरेको ।
- वि.सं. २०५० मा कवि विष्णुप्रसाद धितालको 'नि' कविता संग्रहलाई पुरस्कृत गरेको ।
- वि.सं. २०५१ मा वि.पि. गोरखालीको कविता संग्रहलाई पुरस्कृत गरी तीर्थ अधिकारीको सम्पादनमा पुरस्कृत गरिएको ।
- वि.सं. २०५२ मा उपन्यासकार विनोदप्रसाद धितालको 'योजनगन्धा' उपन्यास पुरस्कृत भएको । (यो कृतिले मदन पुरस्कार प्राप्त गऱ्यो ।'
- वि.सं. २०५३ मा तीर्थराज वन्तको 'आँखामा हिजोको इतिहास' नामक कविता संग्रह पुरस्कृत भएको ।
- वि.सं. २०५४ मा धनञ्जय भट्ट 'यत्न' को कविता संग्रह 'अतीत यात्रा' को पाण्डुलिपिलाई पुरस्कृत गरिएको ।
- वि.सं. २०५५ मा 'नेपाली साहित्यमा गोरखा' दीननाथ शर्माको शोधपत्रलाई प्रकाशन र पुरस्कृत गरिएको ।

यसपछि देशमा बढ्दै गएको अस्थिरता र अराजकता, गृहयुद्धले मच्चाएको कोलाहलका बीचमा पनि यो संस्थाले आफ्नो कार्यलाई ढिलो-चाँडो निरन्तरता प्रदान गर्दै आयो । हरेक बर्ष कुनै न कुनै सर्जकहरू सम्मानित हुँदै आए । राजुबाबु श्रेष्ठको 'मनहरू' कविता संग्रह, सुशीलबाबु श्रेष्ठको 'कालखण्ड' उपन्यास, कवि नेत्रमणि आचार्यको 'दर्जी सुजेरो', खोजकर्ता रुद्रनाथ

पोखरेलको 'पूर्णप्रसाद ब्राह्मणको साहित्यिक योगदान' शोधग्रन्थ, धनेश्वर भट्टराईको 'गोरखा गाथा' (खण्डकाव्य), प्रा.डा. नारायणप्रसाद खनालको 'गोरखा डायरी', सीता अर्यालको 'उपमा' कथा संग्रह, केदारनाथ खनालको 'यात्राका स्पन्दनहरु' (नियात्रा सङ्ग्रह), प्रा.डा. शिवहरि मरहट्टाको 'मतिविनोद' र रामशरण शर्माको 'सम्पादनमा पं. गायत्री गणेश स्मृति ग्रन्थ' तथा नारायण पोखरेलको ...........जस्ता कृतिहरू पुरस्कृत भैसके । हालका वर्षहरू २०६६ र २०६७ का लागि उपन्यासकार प्रभा कैनीको उपन्यास 'अनावृत्त'. र तुलसी न्यौपाने 'महादेशिय यात्रा' संस्मरण पुरस्कृत हुने अवस्थामा छन् ।

यसरी प्रतिष्ठित प्रतिभाहरू पुरस्कृत हुनुको अलावा संस्थाले हरेक बर्ष विभिन्न विधागत प्रतियोगिता गरी '**हरि प्रतिभा पुरस्कार**' समेत वितरण गर्दै आएको छ । भर्खरै एउटा पुस्तालय स्थापना गरेको छ । साहित्य संगम गोरखा र नेपाली भाषा शिक्षक समाज गोरखालाई कार्यालय प्रदान गरेको छ । आफ्नै खुट्टामा टेकेर पुस्तकालयको व्यवस्थापनलाई E-library को रूपमा स्थापित गर्ने जमर्को गरेको छ । यहाँहरू जस्तै साहित्यप्रेमी र कला तथा संस्कृतिका संवाहकहरूको न्यानो माया र सद्भाव प्राप्त गर्न सकिएमा यस संस्थाले आगामी दिनहरूमा आफ्नो कार्यक्षेत्र र पुरस्कारको राशिलाई समेत वृद्धि गर्नेछ भन्ने आशा लिएका छौं ।

अन्त्यमा यस संस्थाका संस्थापक तथा साहित्यकार राजेश्वर देवकोटाकी जीवनसाथी र गतवर्षसम्म संरक्षिकाको भूमिका निर्वाह गरेकी स्व. मायादेवी देवकोटाप्रति हार्दिक श्रद्धासुमन अर्पण गर्दछौं ।

*सचिव*
*हरि सांस्कृतिक केन्द्र, गोरखा*


साहित्यिक क्षेत्रमा विशेष योगदान गर्ने उद्देश्यले स्थापित **हरि सांस्कृतिक केन्द्र**को मुखपत्र प्रकाशित हुन लागेको सुखद् अवसरमा केन्द्रको सफलताको साथै उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।

सित्तलकाजी मास्के
अध्यक्ष
**लाइन्स क्लब अफ गोरखा**

# मेरो दृष्टिमा हरि साँस्कृतिक केन्द्र



नेत्रमणि आचार्य

हरि सांस्कृतिक केन्द्र, गोरखा जिल्लाको साहित्यिक क्षेत्रको उत्थान र विकासमा एक सुपरिचित संस्था हो, जो ऐतिहासिक गोरखा जिल्लाको पनि ऐतिहासिक लिगलिगकोट अन्तर्गत पण्डित गाउँको नाउँले परिचित बोहोरा गाउँमा जन्मनुभएका पं. हरिप्रसाद देवकोटाको चिरकाल पर्यन्त स्मरणको लागि उहाँकै सहृदयी एवं सपूत राजेश्वर देवकोटाले वि.सं. २०४६ सालमा गोरखा सदरमुकाम अवस्थित पाटेचौरमा स्थापना गर्नुभएको हो ।

वास्तवमै भन्ने हो भने, यः संस्था गोरखा जिल्लाको शैक्षिक-साहित्यिक क्षेत्रको उजागर गर्ने एउटा माध्यममात्र नभएर चम्किलो आभूषणको "यूँ" पत्थर नै बन्न पुगेको आभाष र अनुभूति मैले गरेको छु । सबै सज्जन तथा विवेकशील गोरखाबासीहरुले पनि यस्तै धारणा राख्नुभएकै होला भन्ने ठान्दछु ।

यस केन्द्रले गोरखा जिल्लामा साहित्यको उत्थानमा प्रशंसनीय कार्यहरू गर्दै आएको कुरा हामी धेरैमा विदित नै छ । विगतवर्षहरूमा यस केन्द्रले साहित्यको फाँटमा जिल्लाका उत्कृष्ट रचनाकारहरुलाई सम्मान गर्ने कार्यक्रम गरी बढी हौसला र प्रोत्साहन गर्दै आएको कुरा अत्यन्त उदाहरणीय छ । आफ्नो प्रकाशित कृति "रचनामञ्जरी' बाट २०४६ सालमा र २०६० मा समेत यस केन्द्रद्वारा प्रदान गरिएको "हरि सांस्कृतिक" पुरस्कारद्वारा पुरस्कृत र सम्मानित हुने अवसर यो कथनकारले पनि पाएको थियो । आफ्नो श्रम र कृतिको मूल्याङ्कन भै पुरस्कृत हुन पाउँदा प्रशन्न नहुने को होला र ? तसथ म पनि यस केन्द्रप्रति आभारी, कृत-कृत्य छु । यस्तो संस्थाप्रति जो कोही चेतन र विवेकशील व्यक्ति को मात्र खुसी नहोला र ? यसले गरी आएको हरेक कार्य स्वागत योग्य छ ।

यसरी प्रशंसनीय आदर योग्य कार्यहरू गर्दै गोरखाको साहित्यधारामा महत्वपूर्ण योगदान दिई स्थापित तथा प्रतिष्ठित यो केन्द्रप्रति सबैको ठूलो आशा-अपेक्षा र विश्वास रहेको छ । यति हुँदाहुँदै पनि यस "हरि सांस्कृतिक केन्द्र" बाट हुनुपर्ने अपेक्षाकृत कार्यमा केही शिथिलता आएको हो कि भन्ने पनि देखिन्छ । यस केन्द्रले आफ्नो उद्देश्यअनुरुपको विस्तार तथा स्तर अभिवृद्धिको लागि ठाउँठाउँमा, गाउँगाउँमा, गोरखाली जनजनको माझमा विभिन्न शाखा-उपशाखा स्थापना एवं विस्तार गर्ने, यस्को गरिमा-महत्वको प्रबोध गराउने, शिक्षक-प्राध्यापक-साहित्यकार-लेखक लगायत विद्वत् वर्गका

माध्यमबाट ज्ञानमूलक रचना-काव्य-खण्डकाव्य जस्ता कृतिहरू सिर्जना गर्न उत्प्रेरणा जगाउने खालका क्रिया-कलाप हुनुपर्ने कुरा मलाई महसुस भएको छ ।

यस्मा अझै मन्तव्य बढाउँदा, भौतिकतालाई मात्र प्रश्रय दिनुभन्दा अझै शान्ति-भातृत्व-एकता-अनुशासन र नैतिकता जस्ता सद्भावनात्मक लेखरचना एवं कृति सिर्जना गर्न लगाएर प्रचलित शैक्षिक शिक्षण संस्थाको पाठ्यक्रम एवं पठन सामग्रीको रूपमा समावेश गराउने व्यवस्था गर्न सकेमा अझ पनि यस केन्द्रको उद्देश्य र दायित्व परिपूर्ण हुने थियो भन्नेमा छु ।

साथै यस संस्थालाई हाँक्ने नियन्ता (सारथी) कार्यकारिणी विद्वत् जनले यसप्रति अझै थप चिन्तनमनन गरी अग्रगण्य बन्नुहुनेछ भन्ने पनि आशा-भरोसा गर्दछु ।

अन्तमा प्रतिवर्ष एक दिन समारोह गरी केही व्यक्तिलाई पुरस्कृत गरेर मात्र यसको नाम अनुसारको काम हुन सक्दैन । यसलाई यत्रतत्र सर्वत्र प्रचार-प्रसार गराई विद्वत् समाजबाट सर्वोपयोगी कृति सिर्जना गराई गोरखाका सर्जक-साहित्यलाई परिचय गराउने कार्य यस केन्द्रले गर्न सकोस् यसैमा यस केन्द्रको भविष्य उज्ज्वल हुनेछ । यो नै मेरो हार्दिक शुभेच्छा एवं मंगलमय कामना ।

*गोरखा*


साहित्यिक क्षेत्रमा विशेष योगदान गर्ने उद्देश्यले २०४६ सालमा स्थापित

**हरि सांस्कृतिक केन्द्रको**

मुखपत्र **आवर्तन** मार्फत् केन्द्रको सफलताको साथै उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।

**हिमालयन होटल**

हरमटारी, गोरखा

फोन : ०६४-४२११०७

१० वर्ष वारेन्टी

**'Everest Tank'**

(२०० देखि १२५०० लि. सम्म)

**उत्पादक :**

**Nepal Sintex Industries Pvt.Ltd.**

नारायणगढ चितवन

फोन नं. ०५६५५९०१०/५५५०४०

देबु मास्के

प्रोप्राईटर

**सत्यसाई हार्डवेयर**

शक्तिचोक, गोरखा

# हिजोको सम्झनामा

*तीर्थराज बन्त*

'आँखामा हिजोको इतिहास' मेरा केही कविताका सङ्ग्रह २०५३ सालमा प्रकाशित गरेको थिएँ । यो मेरो चौथो कविता सङ्ग्रह थियो । नेपाली लेखक कविहरू रहर पुऱ्याउन आफ्ना पुस्तक प्रकाशन गर्छन्, यसमा भएको लगानी उठ्छ अथवा जीवन यापन हुन्छ भनेर होइन । मेरो जमर्को पनि त्यही किसिमको हो । प्रकाशित पुस्तकहरू साथीभाइ, मित्रवर्ग, केही लेखक कवि तथा पुस्तकालयहरूलाई उपहारस्वरूप प्रदान गरेर बाँकी घरैमा थन्किन्छन् । पुस्तक पसलहरूमा केही प्रति दिइहाले पनि विक्री हुन्छ र त्यहाँबाट रकम पाइन्छ भन्ने आशामा होइन ।

यही क्रममा मेरा यो कविता सङ्ग्रह श्री मोहन नारायण श्रेष्ठज्यूको हातमा पनि उपहार स्वरूप पऱ्यो । उहाँसँग मेरो परिचय र सम्पर्क म नेपाल रेडक्रसको एक कार्यकारी रूपमा रहेको र उहाँ गोरखा पोखरीथोक स्थित शक्ति माध्यमिक विद्यालयको प्रधान अध्यापक साथै त्यस विद्यालयमा सञ्चालित जुनियर रेडक्रस सर्कलको कार्यक्रमसँग पनि सम्बन्धित हुनु भएको कारणले बराबर भेट भइरहन्थ्यो । त्यो सम्बन्ध अद्यापि चलिरहेकै छ । उहाँ द्रव्यशाह क्याम्पसको प्रमुख साथै २०४६ सालमा स्थापित हरि सांस्कृतिक केन्द्रको पनि संस्थापक अध्यक्ष पनि रहनु भएको र हाल पनि सो केन्द्रको अध्यक्षको रूपमा कार्यरत हुनुहुन्छ । उहाँले मेरो यो कविता सङ्ग्रहको केही थप प्रति पनि माग्नु भयो । हरि सांस्कृतिक केन्द्रले गोरखा जिल्लाका लेखक, कवि तथा प्रतिभाहरूलाई पुरस्कृत गर्ने गरेको कुरा पनि मलाई अवगत गराउनु भयो । मेरो निम्ति यो नौलो जानकारी थियो । २०५४ सालको माघ महिनामा मोहन नारायणजीले मलाई मेरो पुस्तक 'आँखामा हिजोको इतिहास' लाई हरि सांस्कृतिक केन्द्रले २०५३ सालको पुरस्कार प्रदान गर्न छनोट गरेकोले सो पुरस्कार थाप्न गोरखा आउन आग्रह गर्नुभयो । यो पुरस्कारको जानकारी मेरो निम्ति सुखद आश्चर्य थियो । किनभने मैले २०१० सालदेखि नै साहित्य क्षेत्रमा खासगरी कविता विधामा केही लेख्ने र प्रकाशित गर्दै आए तापनि मलाई कुनै किसिमको पुरस्कार अथवा सम्मानको आशा गरेर लेख्नु अथवा वस्नु पनि एउटा लेखक अथवा साहित्यकर्मीको धर्म हो जस्तो लाग्दैन । मेरो साहित्यिक जीवनमा यो पुरस्कार पहिलो हो । मैले उहाँलाई सो पुरस्कार लिन गोरखा आउने जानकारी पनि दिएँ ।

'हरि सांस्कृतिक केन्द्र' को विषयमा मलाई धेरै थाहा थिएन । पछि बुझ्दा यो केन्द्र नेपलका राजनीतिक अग्रज नेता राजेश्वर देवकोटा, उहाँका भाइहरू र परिवारले आफ्ना स्व. पिता हरिभक्त देवकोटाको पुण्य स्मृतिमा २०४६ सालमा स्थापना गर्नु भएको रहेछ । राजेश्वर देवकोटाज्यूको मेरा पिता स्व. गणेशराज वन्तसँग धेरै अघिदेखि नै चिनारी र सम्बन्ध रहिआएको थियो । मलाई लाग्छ २००४/५ सालतिर उहाँ एक राजनीतिक कार्यकर्ताको रूपमा गोरखाको बगुवा स्थित हाम्रो घरमा आउनु भएको थियो । २००७ सालमा राणा शासनको विरुद्ध गरिने क्रान्तिको निम्ति चेतना जगाउने र संगठन गर्ने क्रियामा उहाँ सक्रिय हुनुहुन्थ्यो । मेरो बुबा पनि १९९७ सालमा प्रजापरिषदको राजनीतिक गतिविधिसँग सम्बन्धित हुनु भई जेल यातना भोगी २००२ सालमा मात्र जेलबाट मुक्त भएर तत्कालीन जिल्ला प्रशासनको निगरानीमा आफ्नै गाउँमा जीवन यापन गर्दै गाउँमा साक्षरता तथा जागरणसम्बन्धी अन्य कार्य सूक्ष्मरूपमा सञ्चालन गर्नु हुन्थ्यो । तसर्थ राजेश्वर देवकोटा र उहाँको बीचमा सहकार्य र सहयोग सम्बन्धमा कुरा हुनु स्वाभाविक थियो । हरिभक्त देवकोटाज्यूलाई पनि मेरो बुबासँग काठमाडौंमा भेटघाटको क्रममा मैले चिन्ने मौका पाएको थिएँ । माथि घोषित पुरस्कार लिन २०५४ माघ २० गते गोरखा जानुपर्ने थियो । त्यस्को केही दिन अघि मेरा कलेज पढ्दाका साथी लक्ष्मीप्रसाद शर्मा (राजेश्वर देवकोटाका भाइ) ले गोरखासँगै जान खबर गरेका थिए । मैले जाने आफ्नै व्यवस्था गरेको जानकारी दिएँ । मेरो अनुरोधमा नेपाल रेडक्रसका पदाधिकारीले गोरखासम्म जान आउन एउटा सवारी साधन प्रयोग गर्न स्वीकृति दिनु भयो र मेरा सहकर्मी मित्रद्वय गोरखा निवासी ऋषिरमण खनाल र मधुसूदनप्रसाद पौड्याल सोही दिन विहान काठ्माडौंबाट प्रस्थान गरी बेलैमा गोरखा पुग्न सफल भयौं । पुरस्कार वितरण समारोहमा राजेश्वर देवकोटा र उहाँकी श्रीमती, भाइ लक्ष्मीप्रसाद शर्मा, मूल्याङ्कन समितिका अध्यक्ष प्रा.डा. बासुदेव त्रिपाठी तथा प्रा.डा. तुलसीराम बैद्य पनि पुगी सक्नु भएको थियो । साथै सोही समारोहमा पुरस्कार थाप्न 'योजन-गन्धा' पौराणिक उपन्यासका ख्यातिप्राप्त लेखक विनोदप्रसाद धितालको पनि उपस्थिति थियो ।

पुरस्कार वितरण गर्ने समारोहमा प्रा.डा. बासुदेव त्रिपाठीले पुरस्कृत दुबै कृतिमाथि आफ्नो मन्तव्य व्यक्त गर्नु भएको थियो भने प्रा.डा. बैद्यले नेपालको इतिहासमा गोरखाको महत्व विषयमा चर्चा गर्नु भएको थियो । सो संक्षिप्त समारोहमा राजेश्वर देवकोटाले विनोदप्रसाद धिताल तथा मलाई प्रमाण-पत्र सहित पुरस्कारको रकम प्रदान गर्नु भएको थियो । प्रमाण-पत्रमा यस्तो लेखिएको छ : "श्री तीर्थराज वन्तलाई नेपाली गद्य कविताको क्षेत्रमा लामो समयसम्म निरन्तर साधनतरत रहि

विशिष्ट योगदान गरे बापत वि.स. २०५३ सालको 'हरि उत्कृष्ट प्रतिभा पुरस्कार' रु. ५,०००।- (पाँच हजारसहित यो प्रमाण-पत्र प्रदान गरिएको छ ।" प्रमाण-पत्रसँगै बालिएको दीयो पनि थियो । मलाई आज अनुभव हुन्छ सो दीयोले मेरो आँखामा हिजोको इतिहासमा आज पनि प्रकाश पारिरहेको छ ।

पुरस्कार थापी सकेपछि मैले आफ्नो हरि सांस्कृतिक केन्द्र र देवकोटा परिवारप्रति कृतज्ञता ज्ञापन गर्दै गोरखालाई शैक्षिक केन्द्र बनाउन सके विश्वमा ऐतिहासिक ख्याति प्राप्त गोरखालाई शिक्षाको क्षेत्रमा पनि राष्ट्रियरूपमा पहिचान स्थापना गर्न सकिने कुरा अघि सारेको थिए । यसमा सबैले चेतनशील भएर लाग्न सकं यो असम्भव छैन । हरि सांस्कृतिक केन्द्रले आफ्नो गतिविधिलाई गोरखा जिल्लाभित्र मात्र पनि आफ्नो स्रोत र संगठनको विकास गरी शिक्षा, संस्कृति, अनुसन्धान, महत्वपूर्ण कृति प्रकाशन जस्ता कुराहरूमा क्रमश ध्यान दिन सके संस्थाको नाम अनुकूल कार्य हुन जानेछ । केन्द्रले गर्न सक्ने केही सम्भाव्य कार्य क्षेत्रहरू :

- गोरखाको विभिन्न लोपोन्मुख संस्कृति, भाषा, जातजाति, लोक जीवन जस्ता विषयमा विद्वत्वृत्ति दिएर युवाहरूलाई अध्ययन, अनुसन्धान र त्यस्को परिणाम प्रकाशित गर्ने,
- पुस्तकालय नभएका ग्रामीण क्षेत्रमा पुस्तकालय स्थापना र सञ्चानमा सहयोग जुटाउने,
- गोरखाको कुनै महाविद्यालय (जस्तै द्रव्य शाह क्याम्पस) मा विद्वत्वृत्ति स्थापना गरेर वार्षिकरूपमा देशका विभिन्न विषयमा विद्वान्लाई ल्याएर प्रवचन कार्यक्रम सञ्चालन गर्ने,
- गोरखा जिल्लाका ख्यातिप्राप्त स्वर्गीय तथा जीवित व्यक्तिहरूको पहिचान स्थापित गर्न उनीहरूको जीवनी लेख्न आर्थिक वृत्ति दिएर प्रोत्साहित गर्ने ।
- हरि सांस्कृतिक केन्द्रलाई दिगो तुल्याउन यसको संस्थागत विकास र स्रोत संकलन र विकासमा जिल्लाका चेतनशील व्यक्तिहरूलाई सञ्चालन गर्ने,

माथि उल्लिखित सीमित क्षेत्र बाहेक अन्य धेरै विषय पनि हुन सक्छन् । यो मेरो संक्षिप्त सुझाव मात्र हो । हरि सांस्कृतिक केन्द्रले मेरा जीवनमा महत्वपूर्ण आयाम थपेको छ भन्नुमा मलाई संकोच लाग्दैन । म यो केन्द्रको विकास हुँदै गएको हेर्न र अनुभव गर्न चाहन्छु । सके म पनि यसको विकासको अङ्ग बन्ने पनि प्रयास गर्नेछु ।

*गोरखा*

# हरि साँस्कृतिक केन्द्र प्रकाशन पुरस्कार पाएपछि

*राजुबाबु श्रेष्ठ*

जीवनमा धेरै कुराहरू अचानक भएका छन् । कतिपय सोचेका कुराहरू पूरा भएका छैनन् । कहिलेकाहीं नसोचेका कुराहरू प्राप्त भएका छन् । खुसीहरू पनि अचानक हात परेका छन् । पीडाहरू पनि अचानक आइपरेका छन् । कुनै दिन अचानक मृत्यु आयो भने यसलाई अन्यथा नमाने हुन्छ । यस्तै अचानकको एउटा शृङ्खला हो **हरि उत्कृष्ट प्रतिभा पुरस्कार** प्राप्ति पनि । म यहाँनेर स्पष्ट छु जीवनमा पुरस्कार पाउनका लागि भनेर केही गरिएन तर काम गर्दै जाँदा केही पुरस्कारहरू पाइयो । तर मेरो लागि राष्ट्रिय स्तरको पुरस्कार पाउँदाको क्षणभन्दा पनि खुसीको क्षण बन्यो हरि उत्कृष्ट प्रतिभा पुरस्कार पाउँदाको क्षण ।

पहिलो कुरा त मलाई बाटो देखाउनुहुने आदरणीय मोहननारायण श्रेष्ठ सरले २०६० सालमा पुरस्कारको लागि छनौट भएको खबर अचानक सुनाउनु हुँदा मेरो खुसीको सीमा रहेन । दोस्रो कुरो गोरखामा जन्मिएर साहित्य सेवामा लागेका व्यक्तिहरूलाई दिइने पुरस्कार भएकाले म जन्मेका माटोसँग टाँसिएर आएको थियो पुरस्कार । तेस्रो कुरो मैले मेरै गाउँमा पुगेर मेरै आफन्तहरूको माझमा थाप्नु थियो पुरस्कार । यसर्थमा पनि मैले आफूलाई भाग्यमानी ठानिरहेको थिएँ । मैले लेख्नु मात्रले पाएको होइन रहेछु । म गोरखाली हुनुले पनि पाएको रहेछु पुरस्कार । यसर्थ मैले मेरो माटो र मलाई सदैव निकट बनाइराख्न प्रेरित गर्ने हरि सांस्कृतिक केन्द्र गोरखालाई मुरी मुरी धन्यवाद दिनैपर्छ ।

साहित्यिक संस्था खोलेर साहित्यिक पुरस्कार स्थापना गर्नु आफैंमा चुनौतीपूर्ण कार्य हो । अझ यसलाई निरन्तरता दिनु झन् फलामको चिउरा चपाउनु सरह नै हो । यति हुँदाहुँदै पनि हरि सांस्कृतिक केन्द्रको नेतृत्व सम्हालेर यसलाई निरन्तर क्रियाशील राख्न सफल मोहननारायण सरप्रति नतमस्तक हुनैपर्छ गोरखालीहरू । म आफूलाई पनि यस्ता साहित्यिक अभियानहरूमा असफल पात्रको रूपमा देख्छु कहिलेकाहीं । चाहेर पनि गर्न नसकेका कुराहरूले मन पाकिरहन्छ ; फर्किरहन्छ मन गाउँतिर । यस्ता पुरस्कारहरूले आफ्नो माटोप्रतिको जिम्मेवारी थपिदिए झैं लाग्छ । आफ्नो गाउँप्रति

सोच्न खबरदारी गरे झैं लाग्छ । अझै उत्कृष्ट कृतिहरू दिएर गोरखाको नाम उँचो राख्न हौस्याए झैं लाग्छ । मन बोझिलो हुन्छ तर भित्रभित्रै कति कुनामा शक्ति सञ्चय भएको प्रतीत हुन्छ । आफैँसँग लाखौं गोरखालीहरू रहेको गर्वानुभूति हुन्छ अनि आफ्नो माटोको लागि केही गरौं भन्ने भावना उर्लेर आउँछ । साँच्चै आफ्नो ठाउँसँग जोडिएर आउने सबै वस्तु प्रिय हुन्छन् । झन् पुरस्कार र सम्मानको त कुरै भएन ।

यतिखेर गोरखाको साहित्यिक इतिहास खोतल्ने र गोरखाली साहित्यकारहरूलाई एकआपसमा बाँध्ने बलियो माध्यमको रूपमा देखिएको छ हरि सांस्कृतिक केन्द्र । साहित्यिक संस्थाहरूको निरन्तरतामा प्रश्न चिन्ह लागिरहेको अवस्थामा यस संस्थाले विभिन्न साहित्यिक पुस्तकहरू प्रकाशन गर्नुका साथै साहित्यकारहरूलाई प्रोत्साहन गरी नेपाली साहित्यको विकासमा एउटा उदाहरणीय योगदान पुऱ्याएको छ । तर हाम्रा साहित्यकार भनाउँदाहरूले पनि आफूलाई कुनै वादको कित्तामा नउभ्याइकन विशुद्ध साहित्य सिर्जनामा क्रियाशील गराउनु पर्ने अपरिहार्यता देखिन आएको छ । जय साहित्य ! जय गोरखा !

*तीनधारे, गोरखा*


साहित्यिक क्षेत्रमा विशेष योगदान गर्ने उद्देश्यले
२०४६ सालमा स्थापित **हरि सांस्कृतिक केन्द्र**को मुखपत्र
**आवर्तन** प्रकाशित हुन लागेको सु-अवसरमा केन्द्रको सफलताको साथै
उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।

गोरखाको पुरानो विश्वासिलो २४ सैं घण्टा चिसो तातो पानीको
सुविधा भएको आरामदायी लज, स्वादिष्ट परिकारका खाना,
पार्किङ्गको सुविधा, गोष्ठी सेमिनारका लागि हल, गार्डेन, शान्त
वातावरणयुक्त यस होटलमा विवाह, व्रतवन्ध पार्टीका लागि
क्याटरिङ्गको सुविधा समेत उपलब्ध छ ।

**होटल गोरखा बिसौनी प्रा.लि.**

शक्तिचोक गोरखा

फोनः ०६४-४२०४१९, ४२०१०७

अन्तर उ.मा.वि. गोरखा जिल्लास्तरीय निबन्ध प्रतियोगिता-२०६८ मा प्रथम

# मैले कल्पना गरेको गणतान्त्रिक नेपाल

*सन्तमान नेपाली*

"एक जुगमा एकदिन एकचोटि आउँछ,
उलटपुलट, उथलपुथल हेरफेर ल्याउँछ"

वास्तवमा गोपालप्रसाद रिमालका यी अभिव्यक्तिहरू आज साँचो रूपमा प्रकट भएको छ । रिमालले त्यतिबेला नै शंखघोष गरेका थिए कि एकदिन नेपालमा युगान्तकारी र भयावह परिवर्तन हुनेछ । जसले नेपाली जनताको घरआँगनमा उलटपुलट, उथलपुथल परिवर्तनको संकेत ल्याउनेछ । संविधानसभाको निर्वाचनले २४० बर्षे निरङ्कुश राजतन्त्रको जरो उखेली देशलाई संघीय लोकतान्त्रिक गणतन्त्र नेपालमा रूपान्तरण गरेको छ । देश हाँक्ने सारथी जनताको छोरो भएको छ । यसको सुरुवातको रूपमा गणतन्त्र नेपालका प्रथम राष्ट्रपति डा.रामवरण यादव र प्रथम प्रधानमन्त्री पुष्पकमल दाहाललाई लिन सकिन्छ । शान्तिपूर्ण ढंगले राजतन्त्रको अन्त्य र निर्वाचित गणतन्त्रको स्थापना दश बर्षपछिको कठोर संघर्षको मीठो फल थियो । नेपाली समाजमा व्याप्त सामाजिक, सांस्कृतिक, आर्थिक, राजनीतिक संकट, विकास निर्माणमा भएको ढिलासुस्ती, बेरोजगार, गरिबी, भ्रष्टाचार र शाहवंशीय निरङ्कुश राजतन्त्रको अन्त्यको निम्ति यो संघर्ष भएको थियो । देश गणतन्त्रात्मक मुलुकमा त प्रवेश गर्‍यो तर जनताले कुनै पनि प्रकारको राहत प्राप्त गर्न सकेका छैनन् । जनताले आशा गरेको गणतन्त्र नेपालमा आज नराम्रो धक्का लागेको छ । मेरो धड्कनमा अनि सारा नेपाली जनताको धड्कनमा नराम्रो लात्ती प्रहार भएको छ । किन लेखिएन संविधान ? किन बनेन ? जनताले आशा गरेको नवीन, शान्त र शालीन राष्ट्रनिर्माण । इतिहासको हाउगुजीबाट ग्रसित पनि छन् जनता ।

नेपाल चार जात छत्तीस वर्णको साझा फूलवारी हो । प्रकृतिको क्रीडाभूमि, ऋषिमुनिहरूको तपोभूमि, वीरयोद्धाहरूको कर्मभूमि हो । नेपाल अतीतका गाथाले धपक्क बलेको छ । 'सिन्धुमा हराएको विन्दुजस्तै' विश्वभूमण्डलमा सूक्ष्म देखिएतापनि यसको अस्तित्व र गरिमा विश्व जनमानसमा स्वर्ण अक्षरले लेखिएको छ । नेपाल आज नेपालमात्र नभएर गणतन्त्रात्मक नवीन नेपाल बनेको छ । तर हाल राजनीतिक दलहरू शान्तिप्रक्रिया, नवीन र जनपक्षीय संविधान निर्माणको प्रक्रियालाई छोडेर आपसमा 'भाइ फुटे गँवार लुटे' को भावना लिएर सत्ता लुछाचुँड गर्ने घृणित खेलमा व्यस्त रहेका छन् । वास्तवमा भन्नुपर्दा आज मेरो हृदयरूपी फाँट फाटेर, दुई टुक्रा भएको छ । मैले आशा गरेको थिएँ कि, मुलुक गणतन्त्रात्मक नेपालमा प्रवेश

गरिसकेपश्चात् देशमा आमूल परिवर्तन होला । नयाँ संविधान, शान्तिप्रक्रिया, लोकतन्त्र र गणतन्त्रको बीउ उम्रेर बिरुवा बनी फस्टाएर मीठो फल देला । तर खोइ ? जनताको दशबर्षसम्मको मेहनतको फल । तसर्थ, म अनि सारा नेपाली जनताहरू राजनीतिक दलसमक्ष के खबरदारी गर्न चाहन्छ भने देशमा शान्तिपूर्ण वातावरणको निर्माण होउन्, नयाँ संविधानको निर्माण होस्, जनताका खोसिएका हक र अधिकारहरू फिर्ता होस्, जनताका मौलिक हक र अधिकार सुनिश्चित होस्, आन्दोलनका घाइते, सहिद परिवारलाई राहत प्रदान गरियोस्, राज्यबाट बेपत्ता पारिएका नेपाल आमाका सन्ततिको खोजी होस्, आन्दोलनमा मारिएकालाई तुरुन्त सहिद घोषणा गरियोस् ।

देशमा व्याप्त हत्या, हिंसा, गरिबी, बेरोजगारजस्ता विविध समस्याहरूको समाधान हुनुपर्दछ । शिक्षा, स्वास्थ्यसेवा जनताको मौलिक हक र अधिकारमा पर्नु पर्दछ । गरिब किसानका र मजदुरका छोराछोरी जो रोजीरोटीका लागि भारत र विश्वका अनेकौं मुलुकमा कठोर र नारकीय जीवन बिताउन विवश छन्, तिनीहरूलाई स्वदेशभित्र नै ल्याएर रोजगार प्रदान गर्नुधर्दछ । देशमा रहेका बेरोजगार व्यक्तिहरूलाई, देशभित्र नै रोजगारको व्यवस्था सिर्जना गरिनुपर्दछ । भ्रष्टाचारी, घुसखोरी, तस्कर आदिलाई देशनिकाला गर्नुपर्दछ । देशमा कोरा र सैद्धान्तिक शिक्षा प्रणाली हैन रोजगार मूलक शिक्षा भित्र्याउनुपर्दछ । कृषकलाई उचित मल, बीउ, ऋण र औजारहरू सस्तो र सुलभ तरिकाले प्रदान गर्नुपर्दछ । अनुत्पादक क्षेत्रमा लागेको पुँजीलाई उद्योगधन्दामा लगाउनुपर्दछ । जमिन जोत्नेको हुनुपर्दछ । सामन्तीहरूका जमिनहरू जफत गरेर भूमिहीन र सुकुम्बासीलाई हस्तान्तरण गर्नुपर्दछ । सुकुम्बासी, कमैया, हलिया, हरुवाचरुवा आदि आर्थिकरूपले विपन्न वर्गलाई उचित सहयोग प्रदान गर्नुपर्दछ । देशभर उद्योगधन्दा, कलकारखानाको स्थापना गरी सबै जनताहरूलाई रोजगारीको अवसर हस्तान्तरण गर्नुपर्दछ । पुँजीपति एवम् दलालहरूका सम्पत्तिलाई जफत गर्नुपर्दछ । हिमाल, पहाड, तराई सबै एउटै आमाका प्यारा समान सन्तान जस्तो सम्झेर समानुपातिक ढंगले विकास र परिवर्तनका गोरेटाहरू खन्नुपर्दछ । देशमा व्याप्त जातीय भेदभाव, लिङ्गीय भेदभाव, छुवाछुत प्रथा, दाइजो प्रथा जस्ता विविध सामाजिक समस्याहरू निर्मूल र निराकरण गर्नुपर्दछ । छोरीलाई पनि छोरासरह पैतृक सम्पत्तिमा समान हक र अधिकार दिनुपर्दछ । अनि नयाँ नेपालको निर्माण हुन्छ । नयाँ नेपालको सिरेटो चल्छ, नयाँ नेपाल, लोकतन्त्र र गणतन्त्रको माधुर्य संगीत घन्किन्छ । अन्यथा 'मेरो तेरो' भन्ने भावनाले आपसमा तँछाड मछाड गर्ने हो भने देशको आमूल परिवर्तन भन्ने कुरा मृगतृष्णा मात्र साबित हुन्छ ।

वास्तवमा भन्नुपर्दछ, मेरो कल्पनाको नेपाल त्यो हो, जहाँ भाषामा सहृदयता हुन्छ, हाम्रो धर्ममा प्रेम हुन्छ, सबै जातजाति, भाषा, धर्म, लिङ्गका मानिसहरू आपसमा हातेमालो गर्दै विकासको पङ्तिमा परिवर्तनको पथमा अग्रसर भइरहेका हुन्छन् । विश्व

भूमण्डलमा नेपालको अस्तित्व अविस्मरणीय छ । अंग्रेज युद्धमा वीर भक्ति थापा, बलभद्र कुँवर, शान्तिका अग्रदूत गौतम बुद्ध, नेपाल एकीकरणका कमाण्डर अर्थात् राष्ट्रनिर्माता पृथ्वीनारायण शाहको इतिहासहरूले गर्दा पनि नेपालको इज्जत, मान, प्रतिष्ठा विश्व भूमण्डलमा चर्चामा आएको पाइन्छ । तसर्थ, आज उम्रेको गणतन्त्र र लोकतन्त्रको बीउलाई मलजल गरी मीठो फल फलाउन कोसिस गर्नु हामी सबै नेपालीको प्रमुख दायित्व हो । त्यसकारण मैले के कल्पना गरेको छु अर्थात् मैले के आशा गरेको छु भने सबै राजनीतिक दल हातमा हात र काँधमा काँध मिलाएर राष्ट्र, राष्ट्रियता, स्वाधीनता, देशभक्ति र अखण्ड राष्ट्रवादको भावना लिएर अघि बढ्नुपर्दछ ।

सारांशमा भन्दा, गणतन्त्र भनेको पूर्ण रूपमा जनताको हुकुम हो, जनताको शासन हो, जनताकै तन्त्र र जनताकै मन्त्र हो । वि.सं. २००७ सालदेखि २०४६, २०६२/०६३ सम्म आइपुग्दा राजनीतिक दलहरूबीच १२ बुँदे समझदारी, बृहत् शान्ति सम्झौता र पछिल्लो सात बुँदे सहमतिहरू शान्ति प्रक्रिया र संविधान निर्माणमा नै केन्द्रित रहेको देखिन्छ । तर राजनीतिक दलहरू कुर्सी मोहका कारण शान्ति प्रक्रिया, जनपक्षीय संविधान, लोकतन्त्र र गणतन्त्रको बाटो खुल्न नसकेको हो । म अन्त्यमा के भन्छु भने देशको अग्रगामी विकास, परिवर्तनमा सबैको ध्यानाकर्षण हुनुपर्दछ । वर्गीय, लिङ्गीय, भाषिक, सांस्कृतिक, धार्मिक र क्षेत्रीय भेदभावको पूर्णरूपमा निर्मूल गर्दै महिला, दलित, जनजाति, आदिबासी, सुकुम्बासी, मधेसी, उत्पीडित, उपेक्षित, अल्पसङ्ख्यक जनसमुदाय सबैका समस्याहरू, यी सबैका मागहरू अब बन्ने संविधानमा समेटिनु पर्दछ । देश बाँदरका हातमा नरिवल जस्तो नहोस् । राजनीतिक दलहरूको मुख्य ध्यानाकर्षण शान्ति प्रक्रिया, नवीन, शान्त र शालीन राष्ट्रनिर्माण तथा लोकतन्त्र र गणतन्त्रको संरक्षण र कार्यान्वयनतफ जाओस्, म त्यही नै चाहन्छु । सन् २०१२ शान्ति, संविधान, सम्मृद्धि र देश विकासमा लागि प्रेरक बनोस् । सदैव देश उन्नति, प्रगतितर्फ लम्किरहोस् । यो देशको जय होस् !

*श्री भवानी उमावि ठाँटीपोखरी, गोरखा*


साहित्यिक क्षेत्रमा विशेष योगदान गर्ने उद्देश्यले २०४६ सालमा स्थापित **हरि सांस्कृतिक केन्द्र**को मुखपत्र प्रकाशन हुन लागेको अवसरमा केन्द्रको सफलताको साथै उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।

भेषबहादुर खड्का
अध्यक्ष

**रोटरी क्लब अफ गोरखा**

अन्तर उ.मा.वि. गोरखा जिल्लास्तरीय निबन्ध प्रतियोगिता-२०६८ मा द्वितीय

# मैले कल्पना गरेको गणतान्त्रिक नेपाल

*अनिल खनाल*

म,

पेली थोत्रा नियम युगको चक्र पल्टाइदिन्छु

नौलो झण्डा अनि हिमचुलीमाथि झल्काइदिन्छु

(माधवप्रसाद घिमिरे)

म अर्थात् कर्मठ नेपाली युवा । हिमालको छायामा, पहाडको पिंढीमा खेल्दै-खेल्दै तराईको आँगनमा छमछम नाच्न रमाउने एक देशभक्त नेपाली । आँखामा गुँरास र हत्केलामा सुनगाभा उमार्दै, सगरमाथालाई शीरमा बोकी पहाडलाई खुट्टामा राखी वेगवान तौरले विश्व हल्लाउने हिम्मत बोकेको मान्छे । कहिले म कोसीको छालबाट पौडेर गण्डकीमा खेल्न आइपुग्छु अनि कर्णालीमा नाकबुडी हान्न मन पराउँछु । मेरो हृदयमा बुद्ध, जनक र सीताको शील छ । मेरो मुटुमा प्लेटोको आदर्श छ । अनि मेरो आत्माभरी भानुभक्त र देवकोटाको कवितै कविता छन् । म, अर्थात् म राष्ट्रको सीमारक्षामा तैनाथ प्रहरी । म, अर्थात् म परिवर्तनको संवाहक । म, अर्थात् म यो राष्ट्रलाई जुरुक्क उचाल्ने हैसियतको मान्छे । म राष्ट्रले चाहेजस्तो, जल्दोबल्दो, देशप्रेमी युवा हुँ । सोलुको आप्पा सेर्पा हुँ । गोरखाको बद्री उपाध्याय हुँ । मुस्ताङको रामबहादुर थकाली हुँ । मनाङको वीरबहादुर गुरुङ हुँ । बर्दियाको रामलखन चौधरी हुँ । सर्लाहीको जोगीन्दर यादव हुँ । म नर र नारी हुँ, म युवा र युवती हुँ । मभित्र गान्धीको आदर्श र बुद्धको बुद्धत्व छ । मभित्र पासाङको साहस र पारिजातको वेदना छ । मभित्र भृकुटी र सीताको सतीत्व छ । म छातीभित्र रवीन्द्रबाबु फलाउन सक्छु र मष्तिस्कमा आइन्सटाइन उमार्न सक्छु । मभित्र के छैन ? पूर्णता छ । म आगोको झरिलो कोइला हुँ र फेवाको कञ्चन पानी हुँ । यसकारण म विकृति विसंगतिलाई एकैछिनमा डढाउन र पखाल्न सक्छु । म यो देशलाई काँधमा राखी थै-थै नचाउने हिम्मत र साहस बोक्दछु । म वगवैरीका निम्ति सिंहनाद गर्जन्छु । परन्तु सज्जनवृन्दका निम्ति म बुद्धभित्रको बुद्ध हुँ । म आफूभन्दा ठूलाको सम्मानमा निहुरिने र भाइबहिनीहरूको मायामा पग्लिने एक विनयशील र भावुक व्यक्ति पनि हुँ । म थुप्रै महाभारत रचना गर्न सक्छु । म पहाड सम्याएर मैदान बनाउन सक्छु । म धर्ती फोरेर हीरा फलाउन सक्छु, त्यसकारण म वेदव्यास हुँ ।

म आविष्कारक हुँ । म विश्वकर्मा हुँ । म निर्माणको साधन हुँ । म सम्पूर्ण हुँ । म सर्वस्व हुँ ।

**मेरो देश अनि यहाँका प्रमुख समस्याहरू**

के भनौं र समस्याका कुराहरू ! भनौं कसरी, नभनौं कसरी ? अंग्रेजले लुछेर, राणाले चुसेर अनि शाहीले ठगेर आखिर मेरो देशलाई थिलथिलो बनाएका छन् । यिनले मेरो देशलाई के नै बाँकी राखिदिएका छन् र ! नेपालभन्दा पछि संगठित र व्यवस्थित भएका राष्ट्रको प्रगति सुन्दा लाजले टाउको निहुरिन्छ । तर भारतवर्षकै लामो र पुरानो सभ्यता बोकेको मेरो देश आन्तरिक घाती र बाह्य महाघातीको चक्रव्यूहमा परेर आज यसरी इन्तु न चिन्तु परेर बसेको छ । यसैकारणले गर्दा होला आज देवकोटाहरू मलेसियामा कुखुरा भुत्ल्याउँछन् । भानुभक्तहरू साउदी अरबमा मुढा चिर्दैछन् । पारिजात मुम्बइको वेश्यालयमा पुगिन् रे । पासाङ ल्हामु जेठको टन्टलापुर घाममा घैया गोडिरहेछिन् । हेलेन केलरहरू सुनसान जंगलमा वेदनाका गीतहरू सुसेलीरहेछिन् । आज यहाँका कालिदासहरू दाउरा बेचेर जीविका गुजारीरहेछन् । लिंकन र माओहरू बयलगाडा धपाइरहेछन् । मार्क्स र प्लेटोहरू भट्टीपसल धाइरहेछन् । अरस्तु र सेक्सपियरहरू जुवा खेलेर टट्टीटाट परिरहेछन् । उफ् ! सामन्ती व्यवस्थाले सबैलाई सिल्ली बनाइछाड्यो । मातृभूमिको छातीमा लाती बजार्ने महापातकी भ्रष्टहरूको पञ्जाबाट देशले बल्लतल्ल मुक्ति खोजिरहेछ । नेताहरू भन्छन्, गणतन्त्रको बीउ रोपेका छौं । ठीकै छ । बीउ उम्रेर सु-स्वाद्य फूल फुलोस् । देशमा रोग र भोक छ । गाँस, बास, कपासको समस्या छ । दुर्बलता र चिच्याहट छ । यी सबै कुराहरूलाई पूर्ति गर्दै जाने हो भनेमात्र देशले निश्चित दिशातर्फ लम्कन सक्दछ । अन्यथा देश अर्कै कुरुक्षेत्र बन्न पुग्दछ । राष्ट्रियता र जनजीविका, शान्ति र सुरक्षा, संघीयता र जनसंविधान अनि जनमुखी गणतन्त्र, आर्थिक समानता र सामाजिक मेलमिलाप । निम्नलिखित कुराहरूमा सबैको चासो, चिन्तन, लगाव र सहमति भएमात्रै ढिलै भएपनि देश स्वर्ग बन्ने कुरा अवश्यंभावी छ ।

**मैले कल्पना गरेको गणतान्त्रिक नेपाल**

लार्केको भोटमा बाटो, गुरुरु चल्छ मोटर
मुस्ताङमा सिधै पुग्छ भैरहवाको टमाटर

(रामप्रसाद खनाल)

म अग्लो ठाउँबाट देश हेरिरहेछु । आहा ! गणतन्त्रको घाम लागेर जतातत‍ै झलमल्ल भइसकेछ । म देखिरहेछु सबै नेपालीका मुहार फेरिएछन् । मेचीबाट छुटेको

रेल छ्याक-छ्याक गर्दै महाकाली पुगेर टक्क रोकिन्छ । सबै नदीका तीरैतीर चीनसम्म कालोपत्रे सडक जोडिएछ । मालवाहक गाडीहरू ओहोरदोहोर गरिरहेछन् । उत्तर हिमालैहिमाल र बीचमा पहाडैपहाड पूर्व-पश्चिम सडकले छोइसकेछ । जताजतै सडक कोही पैदल हिंड्दैन । पाकिस्तानको इस्लामावादजस्तो भएछ नेपाल । मुक्तिनाथ, जुम्ला र सोलुमा  केवुलकार । एअर-वे उत्तिकै । सबै नदीबाट विजुली निकालिएछ । चौबीसै घण्टा झिलिमिली । कति त चीन र भारत पठाइएको छ । बेसीका टार र फाँट सिँचाइले हराभरा । थुप्रै अन्नपात विदेश पैठारी गरिएको छ । कास्मिरको स्याउ बिक्न छाड्यो । जुम्लाको स्याउले विश्वभरी चिनारी पाउँछ । चिया, कफी र सुन्तलाले पनि ठीकै बजारभाउ लिएका छन् । कयौं चिनियाँ र जापानी कामदारहरू नेपालमा काम गरिरहेछन् । उद्योगधन्दा जिल्लैपिच्छे । नेपाली विदेश जाँदैनन् । जान्छ त केवल घुम्न र छुट्टी मनाउन । विश्वलाई चाहिने एक चौथाइ भाग औषधी  नेपालले निर्यात गर्दछ । नेपालमा बेलायती र कयौं अमेरिकी विद्यार्थीहरू डाक्टरी पढिरहेछन् । वर्ग र वर्गदुश्मन छैनन् ।  नेपालमा कुनै दल वा राजनीतिक समूह छैन । जेल भत्काएर स्कुल बनाइएको छ । सबै पुलिसहरू शिक्षकमा भर्ती भएछन् । शिक्षा, स्वास्थ्य, रोजगार, मनोरञ्जन, खानेपानी सबै मानव अधिकारभित्र समेटिएको छ । कम्प्युटर र यन्त्रमानवले सम्पूर्ण जटिल कामहरू गर्छन् । कसैले कत्ति लोभ गर्दैनन् । एकआपसमा साझेदारी गरेर काम गर्छन् । आहा ! सगरमाथाका पाखैभरी लालीगुँरास फुलेछन् । धन्य  नेपाल ! धन्य गणतन्त्र ! धन्यजनगणतन्त्र !!

*श्री संस्कृत उमावि, नान्द्रङ्, गोरखा*

साहित्यक क्षेत्रमा विशेष योगदान गर्ने उदेश्यले २०४६ सालमा स्थापित

**हरि सांस्कृतिक केन्द्र**को

मुखपत्र प्रकाशित हुन लागेको सु-अवसरमा केन्द्रको सफलताको साथै उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।

**वसन्तराज श्रेष्ठ**

अन्तर उ.मा.वि. गोरखा जिल्लास्तरीय कविता प्रतियोगिता-२०६८ मा प्रथम

# उठ न उठ नेपाली

*प्रसन्न निरौला*

गणतन्त्र आयो संमृद्ध नेपाल हेर्नलाई
उठ न उठ नेपाली कुसंस्कार तोड्नलाई ।
सँघारको ठेलो नाघेर, अँध्यारो सित लड्नु छ
शाश्वत सत्य जता छ, त्यतै तिर बड्नु छ ।।

सरल सरस शीतल शान्तिको सन्देश छर्नु छ
बुद्धको देश नेपाल विश्वमा नाम छर्नु छ ।
कृत्रिम झुटो बुद्धिले राजनीति सफल हुँदैन
पुराना थोत्रा हठले नेपाली भाग्य फेर्दै न ।।

दुखको नित्य वर्षाद, सुख त केवल बाछिटा
अज्ञानी शिशु लडे झैं दिनहुं लड्ने ती नेता ।
उठ्दछ क्रान्ति हुरी झैं मानवता नहुँदा
हातमा सत्ता लिनेले आडम्बर देखाउँदा ।।

कुर्चीको मोह छाडेर स्वार्थको जालो तोडेर
संविधान बनाउदै सबको बिचार जोडेर ।
आश्वासन झुटो बाडेर जनता सामु जानेलाई
उठ ए साथी नछौडौं, झुटको खेती गर्नेलाई ।।

पुर्खाले युद्ध गरेर बनेका हाम्रा सीमाना
दशगजा फाली मिच्दैछन् कसले गर्ने सामना ।
गण्डकी, कोसी गुमाई तराईको भूमि उजाड
जे जति नदी बाँकी छन् तिनलाई अब नछाड ।।

दुराचार, पापाचार, भ्रष्टाचार बढेर
जीवस्तर भासियो महङ्गीमा गडेर ।
लोडसेडिङ्को मारले विकासको बाटो छेकियो
बिजुली बत्ती नहुँदा उद्योगधन्दा रोकियो ।।

शिक्षित, सचेत, बलिष्ट युवा शक्ति विदेशमा
प्राविधिक शिक्षा दिएर उनति गराउ स्वदेशमा ।

रोजगारको अबसर खोलेर युवा शक्ति रोकेर
प्रगति सिखर चुम्नु छ सभ्यतालाई डाकेर ।
सहिदको आत्मा रोला है विदेशी चलखेल बढेर
सचेत बनौं नेपाली इतिहास पढेर ।।

ठालुले आखाँ गाडेको सुन्दर हाम्रो नेपाल
पर्यटक झुम्मिने प्राकृतिक दृश्य अपार ।
यहि नेपाली माटोमा हिरा र मोती फलाऔँ
खुँडा र तरबार पखाली शान्तिको दीप जगाऔँ ।।

नेपाली जनता मिलेर ढाली सक्यौं राजतन्त्र
समृद्ध नेपाल बनाउने, सबले लिऔं मुलमन्त्र । -२
हामीले पौरख गर्नुछ उज्यालो आकाश हेर्नलाई
उठ न उठ नेपाली देशको मुहार फेर्नलाई ।।

*जनता उमावि, आँपपिपल*


*के तपाई घर बनाउदै हुनुहुन्छ ?*
*यदि हुनुहुन्छ भने एकपटक सम्झनुहोस् ।*

हामीकहाँ नेपाल गुणस्तर प्राप्त OPC NS ब्राण्डका बिश्वकर्मा सिमेन्ट, गुणस्तर TMT फलामे छड जोन्सन एण्ड निकल्सन कम्पनीबाट उत्पादित बर्जर (Berger) ब्राण्डका ईमल्सन, वेदरकोट, डिस्टेम्पर, इनामेल तथा नेपाटपका पाईप फिटिङ्गहरु वालपट्टी लगायत वाथरुम तथा सेनेटरीका सबै सामानहरु हिलटेङ्कका टेंकीहरु र ठूला भवन, आवासीय घर, स्कुलहरुको डिजाईन ष्टीमेट नक्सा, निमार्ण प्रविधिक मजदुर व्यवस्था र परामर्शको लागि अनुभबी गोरखाकै पहिलो हार्डवेयर बिक्रेता भाईचन्द्र श्रेष्ठको हार्डवयर पसललाई सम्झनुहोस् ।

थप जानकारीका लागि

**भाइचन्द्र श्रेष्ठको हार्डवेयर पसल**

सम्पर्क : ०६४-४२०३२८, फ्याक्स ०६४-४२११२८
मो. ९८५६०२४८२८, ९८५६०४०३२८

साहित्यिक क्षेत्रमा विशेष योगदान गर्ने उद्देश्यले २०४६ सालमा स्थापित

**हरि सांस्कृतिक केन्द्रको**

मुखपत्र **आर्वतन** मार्फत् केन्द्रको सफलताको साथै उत्तरोत्तर प्रगतिको कामना गर्दछौ ।

धिरजबहादुर मास्के
अध्यक्ष

**तुलसी मेहेर युनेस्को क्लव**

जिल्ला शाखा, गोरखा

अन्तर उ.मा.वि. गोरखा जिल्लास्तरीय कविता प्रतियोगिता-२०६८ मा द्वितीय

# देशको निम्ति हिँड्दा हिँड्दा

*आशिक पोखरेल*

जागेका ती जोशहरू मेरा फूलसरी ओइलिसके
व्यक्तित्वलाई झल्काउने ती दौरासुरुवाल मैलीसके
बोल्न खोज्ने मुखहरूलाई अत्याचारले सिइसके
देशको निम्ति हिँड्दा हिँड्दा खुट्टाहरू खिइसके

केही गँरु देशका लागि भन्नेलाई समाजले थुकीसके
योग्यता नै नभाका चैँ माथि माथि पुगिसके
विषमात्र हाम्रो भागमा अमृत ठूलाले पिइसके
देशको निम्ति हिँड्दा हिँड्दा खुट्टाहरू खिइसके

ढुकुटीमा भाको धन बाडचुँड गरी खाइसके
उल्टै स्वच्छ छवि भन्ने पदवी पो पाइसके
तिम्रो हाम्रो कमजोरीको फाइदा तिनले लिइसके
देशको निम्ति हिँड्दा हिँड्दा खुट्टाहरू खिइसके ।

*मण्डली उमावि*

---

## हार्दिक श्रद्धाञ्जली




नेपाली भाषा साहित्यका महारथी, हरि सांस्कृतिक केन्द्रका संस्थापक श्री राजेश्वर देवकोटाज्यूकी धर्मपत्नी एवम् यस संस्थाको संरक्षिका ममतामयी **मायादेवी देवकोटा**को २०६७ साल फागुन २० गते स्वर्गारोहण भएकोमा हामी अत्यन्त शोकाकुल छौं । स्वर्गीय आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं ।

**हरि सांस्कृति केन्द्र, गोरखा परिवार**

- घरभित्रको प्रदूषित वायु न्यूनीकरण गरौं । स्वस्थ्य जीवनवाट आर्थिक वृद्धि गरौं ।
- समय र दाउराको वचत गरी समुन्नत विकसित समाज निर्माण गरौं ।
- सहकारिताको भावनावाट सामुदायिक विकासमा अगाडि बढौं ।
- स्थानीय सीप, प्रविधिको प्रवर्द्धन प्रयोग गरी रोजगारीको अवसरमा वृद्धि गरौं ।
- विश्व पर्यावरण सन्तुलनमा धेरै भन्दा धेरै योगदान गरौ ।

## यसका लागि चिम्नीहुड निर्माण गरौं ।



DEG KfW Bankengruppe · Universität München · B/S/H/ · Practical Action


# Nepal Environmental & Scientific Services (NESS) Private Limited

NESS
Thapathali-11, Kathmandu, Nepal
Phone : +977-01-4244989, 4241001, Fax: +977-01-4226028
Email: ness@mos.com.np, nesspltd@gmail.com

## NESS provides superior solutions to engineering, environmental, social, natural, cultural and sustainable resources needs.

## Company Overview

Nepal Environmental & Scientific Services (NESS) P. Ltd is a full service consulting firm that perfoms works through out Nepal and South Asia region. For over 15 years. NESS has provided high quality consulting services in the areas of engineering, project management, environment, social, community development, public relations, etc. We feel our responsivencess and overall attention to customer service. Please click above links to learn more about our service areas, resources, address, statement of qualifications etc.




### General Information

**Laboratory**

- First accredited Well Equipped Laboratory in Nepal
- Enlisted in MoEST and MoAC
- Laboratory Management System is guided by QCM

**Consulting**

- SIA/EIA/IEE
- Training
- Water Quality
- Environmental
- Social Economic
- Research & Development
- Strategy and Plan etc

## NESS's Service Areas

### Consultancy:

- Geological geo-technical, topographical, meteorological and geophysical survey; biological and ecological surveys;
- IEE and EIA studies (Auditing/Monitoring)
- Environmental policies, Preparation of EMP, resettlement & rehabilitation plans for major infrastructure development projects, EIA audit/monitoring; Water/wastewater and industrial pollution management and design of pollution treatment systems; Watershed management; Consulting on socio-economic and engineering fields; SIA, Design and Implementation of social support programs for large infrastructure development projects; Project management, conflict management; public dialogue, Focused and on the job trainings on environmental, social and engineering sectors.

### Laboratory:

- Accredited analytical services for water & wastewater, cement, sand & aggregates, fertilizer, soil, food products, sprit & alcoholic drinks, air pollutant, pesticides, coal, plant mater, rock & minerals, brick & ceramic, molases.
- Air quality management monitoring and chemical analysis; Monitoring and analysis of noise and vibration;
- Quality control and chemical analysis (inorganic, organic, metals, microbiological and pesticides) of raw materials and industrial products; and
- Research & development